★ विकास सहायता नीति, २०७१ को प्रभावकारी कार्यान्वयन गर्ने ।

अन्त्यमा विकास सहायता स्वीकार तथा परिचालन गर्दा माथि उल्लेखित सुझावहरूको पालना गर्न सकेमा विकास सहायताको प्रभावकारी उपयोग हुन गई देशको अर्थतन्त्र सबल र आत्मनिर्भर बन्न सक्दछ ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

**६. "दिगो विकास" को अवधारणा उल्लेख गर्दै नेपालको दिगो विकासका प्रमुख व्यवधानहरू उल्लेख गर्नुहोस् । (Clearly spell out the concept of 'sustainable development" and also mention the major hindrance of the sustainable development in Nepal.) 10**

### दिगो विकासको अवधारणा

वर्तमान विकास आवश्यकताहरू पूरा गर्ने क्रममा भावी पुस्ताका अधिकारलाई कुण्ठित गर्नु हुँदैन भन्ने विकासको धारणा नै दिगो विकास हो । अर्थात् विकासका सम्पूर्ण आयामलाई समेटेर गरिने विवेकपूर्ण तरिकाले गरिने विकास प्रयासहरूको संयोजन गनै दिगो विकास हो ।

दिगो विकासको अवधारणाको विकास सन् १९७२ मा भएको पहिलो पृथ्वी सम्मेलनबाट भएको मानिन्छ । सन् १९८३ मा पृथ्वीको भविष्यबारे चिन्ता व्यक्त गर्दै वातावरणीय संरक्षण र विकास बीचको तालमेल मिलाउनु पर्ने आवश्यकता महसुस गरी बुटल्याण्ड कमिशनको गठन गरियो । तत्पश्चात् सन् १९९२ को रियो सम्मेलनले वातावरणीय स्वच्छताका लागि विश्वव्यापी सहकार्यमा जोड दियो भने दिगो विकासका वातावरण बाहेकका बहु आयामका विषयमा छलफल सन् २००२ को जोहानेस वर्ग सम्मेलनमा गरियो । सन् २००७ को वाली सम्मेलनमा जलवायु परिवर्तनका Issue बारे छलफल गरियो साथै २००९ को कोपनहेगन सम्मेलनले Climate change and development को पक्षमा विश्वव्यापी रुपमा विश्वको ध्यानाकर्षण गराउन सफल भयो । त्यस्तै सन् २०१४ को पेरु सम्मेलनमा पनि दिगो विकासका विविध पक्षमा छलफल गरियो ।

नेपालको योजनाबद्ध विकास प्रयासमा पनि दिगो विकासको अवधारणा अनुरुप कार्य गर्ने प्रयास गरिँदै आएको पाइन्छ ।

### नेपालमा दिगो विकासका प्रमुख व्यवधानहरू

नेपालमा दिगो विकासको अवधारणा अनुरुप विकास प्रयासहरू सञ्चालन गर्नमा देखिएका विविध व्यवधानहरू मध्ये केही प्रमुख व्यवधानहरूलाई संक्षेपमा देहायबमोजिम व्यक्त गर्न सकिन्छ :-

★ बढ्दो जनसंख्या वृद्धि एवम् बेरोजगारी समस्याका कारण चरम रुपमा प्राकृतिक स्रोतको दोहन बढ्दै जाँदा वातावरणीय सन्तुलनमा ह्रास आएको ।

★ भौगोलिक विकटताले गर्दा सन्तुलित विकास कार्यमा कठिनाई ।

★ कमजोर एवम् परनिर्भर अर्थतन्त्र तथा बढ्दो व्यापार घाटा ।

★ सर्वसाधारणमा पलाएको विकासको तीव्र चाहना र आकांक्षा ।

★ भौतिक रुपमा देखिने विकास मात्र विकास हो भन्ने आम धारणा ।

★ गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधाको अभाव साथै अव्यवस्थित सहरीकरण ।

★ पूर्वाधार निर्माण गर्दा वातावरणीय संवेदनशीलता र Compensation दिने प्रवृत्तिको अभाव ।

★ वैकल्पिक र नवीकरणीय उर्जातर्फ कम ध्यान दिइनु ।

★ दिगो विकासको अवधारणालाई आफूलाई सुहाउँदो नभई अरुबाट लादिएको अवधारणाको रुपमा लिइनु ।

★ गरिबी न्यूनीकरणका प्रयास त्यति प्रभावकारी नहुनुको फलस्वरुप उच्च गरिबीको अवस्था आदि ।

अन्त्यमा भन्नुपर्दा विश्वमा भौतिक रुपमा विकासका पूर्वाधार निर्माण गर्ने होडमा असावधानीपूर्ण क्रियाकलापले वातावरणमा नकारात्मक प्रभाव परी पृथ्वीको अस्तित्वमा नै संकट देखापर्ने संकेत देखा परेपछि दिगो विकासको अवधारणाको विकास भयो । दिगो विकासको अवधारणा बमोजिम विकास क्रियाकलाप अघि बढाउन सकेमा वर्तमानको वातावरणीय असन्तुलनलाई पनि कम गर्न सकिन्छ ।

Question Bank Nepal

**७. आजको विश्वमा विकासका सर्वसम्बन्धित (Cruss-cutting) तथा समसामयिक विषय के के हुन् ? तपाईको विश्लेषणमा यी विषयहरूको प्रभावकारी संयोजन गर्नका लागि नेपालको वर्तमान आवधिक योजनाको दस्तावेजमा कसरीं आत्मसात तथा मूलप्रवाहीकरण गरिएको पाउनु भएको छ ? (What are cross-cutting and contemporary issues of development in the present world? In your analysis, how such issues of development are internalized and mainstreamed in Nepal's mpresent periodic plan document for bringing effectiveness?) 10**

**आजको विश्वमा विकासका सर्व सम्बन्धित (Cruss-cutting) तथा समसामयिक विषय**

विकास गर्न पाउनु सम्पूर्ण मानवको अधिकारको विषय हो । तथापि विकासका लाभहरू सबै वर्ग क्षेत्रले समान तरिकाले प्राप्त गर्न सकेका हुँदैनन् भने अर्कोतर्फ उच्च गतिमा भौतिक विकास गर्ने होडमा विकासले विनाश पनि निम्त्याउँदै गएको छ । तसर्थ विकासका प्रयासलाई व्यवस्थित र मानव हितं अनुकुल बनाउन विश्वमा केही अवधारणाका बारेमा प्राथमिकताका साथ बहस हुन थालेको छ जसलाई विकासका Cross-cutting or Emerging Concepts भन्ने गरिन्छ । विकासका केही सर्वसम्बन्धित तथा समसायिक विषयलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

**(१) वातावरण र विकास (Environment and Development)**

विश्वमा चलेको तीव्र गतिमा औद्योगिक एवम् भौतिक विकास गर्ने होडबाजीले गर्दा वातावरणमा नकारात्मक असर परेको हुनाले वातावरणीय सन्तुलनलाई असर नपुऱ्याउने गरी विकसका गतिविधिहरू सञ्चभालन गर्नुपर्ने मुद्दा विकासको आजको विश्वको Cross-cutting issues रुपमा अगाडि आएको छ ।

**(२) गरिबी निवारण र विकास (Poverty Reduction and Development)**

विकासका क्रियाकलापलाई सन्तुलित र मानव अधिकारको विषयको रुपमा अघि बढाउन नसक्दा विकासले धनी र गरिब बीचको खाडल बढाउँदै गएको सन्दर्भमा गरिब वर्गलाई समेत माथि उठाउने गरी विकासका क्रियाकलाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता आजको विश्वको विकासको सर्वसम्बन्धित विषय हो ।

**(३) मानव विकास र विकास (Human Development and Development)**

विकासका विविध आयाममध्ये मानव विकास पनि एक महत्वपूर्ण आयाम हो । विकासले मानिसको आर्थिक, शैक्षिक, स्वास्थ्य, सामाजिक, सुरक्षा जस्ता पक्षमा सुधार ल्याउन सक्नु पर्दछ । यी पक्षमा विकास नआउने गरी गरिएका विकास गतिविधिलाई साँचो अर्थमा विकास मान्न सकिँदैन । त्यसैले विकासले समग्र मानवको विकास गर्नुपर्दछ भन्ने अवधारणा पनि विकासको सर्वसम्बन्धित एवम् समसामयिक विषयको रुपमा अगाडि आएको छ ।

**(४) लैंगिक सबाल र विकास (Gender Issue and Development)**

विकासका गतिविधिहरूबाट सिर्जित लाभ सबै लिंगका मानिसले समान रुपले उपभोग गर्न सक्ने गरी विकासका गतिविधहरू सञ्चालन गरिनु पर्दछ भन्ने आवाज आजको विश्वमा बडो जोड तोडका साथ उठेको हुनाले विकासमा लैंगिक सवालको विषय पनि विकासको Cross-cutting issues को रुपमा देखा परेको छ ।

**(५) विकासमा विपद व्यवस्थापन (Disaster Management in Development)**

विपद व्यवस्थापनका सबै पक्षमा ध्यान दिँदै विकासका कार्य गर्नुपर्ने हुँदा यो पनि Cross cutting issue of development का साथै समकालीन विश्वको चासोको विषयका रुपमा अगाडि आएको छ ।

**नेपालको वर्तमान आवधिक योजनामा विकासका Cross cutting issues को संयोजन**

नेपालको वर्तमान आवधिक योजनामा माथि उल्लेख गरिएका अनुरुपका विकासका Cross cutting issues एवम् समसामयिक विषयहरूलाई संयोजन गर्ने प्रयास गरिएको पाइन्छ जसलाई छोटकरीमा व्यक्त गर्न सकिन्छ :-

★ योजनाको प्राथमिकतामा पाँच क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्दै विकास गर्नुपर्ने उल्लेख,

★ दिगो, फराकिलो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने रणनीति,

★ आर्थिक तथा पूर्वाधार विकास गर्दा वातावरणीय पक्षलाई ध्यान दिनुपर्ने व्यवस्था,

★ पूर्वाधार विकासका कार्य गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने व्यवस्था,

Question Bank Nepal

★ वैकल्पिक र नवीकरणीय उर्जाको प्रयोगलाई बढाउन Incentive को व्यवस्था गरिएको,

★ गरिबी निवारणलाई मूलभूत उद्देश्यका रुपमा लिई सबै क्षेत्रगत एवम् अन्य योजना तथा कार्यक्रमहरूलाई यसैसँग tie up गर्ने प्रयास गरिएको ।

★ Gender responsive budget तथा Gender Audit को व्यवस्था रहेको,

★ Climate change budget code को अवधारणा समेत अगाडि ल्याएको,

★ विपद व्यवस्थापनका सबै आयामलाई समावेश गरिएको,

★ मानव विकासका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, सीप विकास र रोजगारीमा जोड दिइएको ।

अन्त्यमा विकासका समसामयिक विषय भनेका त्यस्ता विषय हुन्. जसलाई अबका हाम्रा विकास प्रयासमा संयोजन गर्दै लैजानु पर्ने आवश्यकता रहन्छ । अन्यथा विकासका प्रयासहरू अधुरा रहन जान्छन् ।

**८. नेपालको आर्थिक सामाजिक विकासमा सामाजिक सांस्कृतिक परम्परा, सामाजिक मूल्य र मान्यताले पुऱ्याएको नकारात्मक र सकारात्मक भूमिकाको चर्चा गर्नुहोस् । (Describe the positive and negative roles of socio-cultural tradition, social values and norms on the socio-economic development of Nepal.) 10**

नेपाल बहुल सामाजिक,सांस्कृतिक विशेषतायुक्त राष्ट्र हो । यहाँको सामाजिक विकासमा विद्यमान सामाजिक सांस्कृतिक परम्पराले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । नेपालको आर्थिक सामाजिक विकासमा सामाजिक सांस्कृतिक परम्परा तथा सामाजिक मूल्य मान्यताले पुऱ्याएको नकारात्मक र सकारात्मक भूमिकालाई संक्षेपमा देहायअनुसार व्यक्त गर्न सकिन्छ :-

**नकारात्मक भूमिका**

★ कथित तल्लो जात र माथिल्लो जातका नाममा गरिने विभेदका कारण आर्थिक सामाजिक र सेवाबाट प्राप्त हुने लाभ सबैका समान सहभागिता हुन नसकेको,

★ छोरा र छोरीमा भेदभावका साथै स्वर्ग जानका लागि छोरा नै चाहिन्न भन्ने सामाजिक कुसंस्कारले गर्दा छोरा पाउनकै लागि धेरै सन्तान जन्माउदा अधिक जनसंख्या वृद्धिका कारण अर्थतन्त्रमा गरिबी र बेरोजगारीको चाप परेको,

★ विभिन्न किसिमका सामाजिक प्रथा (जस्तै : दाइजो, हलिया, हरवा, चरवा आदि) कार कारण सामाजिक शोषण र विभेद बढेको,

★ भड्किलो पाराले सामाजिक सांस्कृतिक चाडपर्व मनाउने क्रम बढ्दै जाँदा समाजमा भड्काव र विकृतिले प्रश्रय पाएको,

★ चाडपर्वमा गरिने अनुत्पादक र फजुल खर्चले गर्दा विकास निर्माणका कार्यमा प्रतिकूल प्रभाव पारेको,

★ कामको सम्मान गर्ने संस्कार नभएका कारण शारीरिक रुपले सक्रिय जनशक्ति विदेश गई स्वदेशमा विकासका लागि आवश्यक जनशक्ति उपलब्ध नहुँदा विकासका क्रियाकलापहरू प्रभावित भएका,

★ कामको सम्मान गर्दै स्वरोजगार बन्ने सोच भन्दा पनि सरकारले नै सबै कार्य गरिदिनुपर्छ भन्ने मान्यता रहेका कारण self employment कायम हुन नसकेको ।

**सकारात्मक भूमिका**

★ नेपाली समाज विविधतामा एकताबद्ध भएको समाज हुनाले सामाजिक समस्याहरू सबै मिलेर समाधान गर्ने विशेषताले गर्दा आर्थिक सामाजिक विकासमा पुग्ने,

★ सहिष्णुता सहितको धार्मिक, सांस्कृतिक विविधताले देशमा पर्यटन प्रवर्द्धनका माध्यमद्वारा , आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउन सक्ने,

★ सामाजिक विकासका लागि Pro-active सोँच राख्ने नेपाली समाज रहेको,

★ आपसी समझदारी र विविधतामा एकताले विकासका कार्यहरूमा सरोकार र सहभागितामा वृद्धि हुने गरेको ।

निष्कर्षमा भन्दा सामाजिक सांस्कृतिक परम्परा एवम् मूल्य मान्यता राष्ट्रका अमूल्य निधि हुन्, जसले सामाजिक आर्थिक विकासका सकारात्मक र नकारात्मक भूमिका खेलेका हुन्छन् राष्ट्रले सकारात्मक भूमिका खेल्नेलाई जगेर्ना गर्दै नकारात्मक भूमिका खेल्नेलाई समय सापेक्ष रुपमा परिमार्जन गर्दै लैजानु पर्छ ।

Question Bank Nepal

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**९. नेपालमा वन विनाश हुनाका कारणहरू उल्लेख गर्दै त्यसबाट परेका असरहरूको विवेचना गर्नुहोस् । (Mentioning the reasons of deforestation, discuss the effects of deforestation in Nepal.) 10**

**नेपालमा वन विनाश हुनाका कारणहरू**

वन सम्पदा नेपालका प्रमुख प्राकृतिक सम्पदाहरू मध्ये एक हो । केही समय अगाडि सम्म पर्याप्त वन क्षेत्र सहित हरियो वन नेपालको धन भन्ने उक्ति चरितार्थ रहि आएकोमा पछिल्ला वर्षहरूमा तीव्र रुपमा वन विनाश हुँदै जाँदा वातावरणमा नकारातमक प्रभाव बढ्दै गएको छ । वन संरक्षणका कार्यहरू प्रभावकारी नहुँदा यो समस्या तत्कालै समाधान हुन सक्ने अवस्था नरहेता पनि वन सम्पदाको महत्वप्रति आम मानिसको सचेतनामा वृद्धि भने भएको पाइन्छ ।

नेपालमा वन विनाश हुनाका प्रमुख कारणहरूलाई संक्षेपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

- ★ गरिब एवम् बेरोजगारी समस्याका कारण जीविकोपार्जनका लागि वन क्षेत्रमै अत्याधिक भर पर्नु,
- ★ इन्धन एवम् उर्जाको लागि अत्याधिक मात्रामा दाउराको उपयोग हुनु,
- ★ घरायसी प्रयोजनका लागि काठजन्य साधनको प्रयोग हुनु,
- ★ छिट्टै धनी बन्नका लागि वन पैदावारको चोरी तस्करी तथा फडानी हुनु,
- ★ अव्यवस्थित चरिचरनका कारण वनमा रहेका वनस्पति र बुट्यानहरू नष्ट हुनु,
- ★ वर्षेनी वनमा लाग्ने डढेलोलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न नसकिनु,
- ★ वन अतिक्रमण गरी अव्यवस्थित रुपमा बस्ती बसाल्ने कार्यले तीव्रता पाउँदै गएको,
- ★ वन सम्पदा संरक्षणका लागि चालिएका प्रयासहरू प्रभावकारी हुन नसक्नु आदि ।

**वन विनाशबाट परेका असरहरू**

वन विनाशका कारणबाट नकारात्मक असरहरूलाई सारांशमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- ★ वातावरणीय सन्तुलनमा ह्रास आई अतिवृष्टि, अनावृष्टि, खण्ड वृष्टि तथा बाढी पहिरोको जोखिम बढ्दै गएको,
- ★ वन्यजन्तु, वनस्पति तथा चरोचुरुङ्गी लोप हुँदै जाँदा जैविक विविधतामा ह्रास आई पारिस्थितिक प्रणालीमा नै नकारात्मक असर परेको,
- ★ तराईका अधिकांश भूभागहरू पानीका स्रोतहरू सुक्दै मरुभूमिकरण हुने खतरा बढेको,
- ★ चुरे एवम् पहाडी क्षेत्रमा समेत पानीका मुहान र स्रोतहरू सुक्दै गई खानेपानी तथा सिँचाइको अभाव हुँदै गएको,
- ★ वातावरणलाई नकारात्मक असर पर्ने खालका ग्याँसहरूको मात्रामा वृद्धि हुँदै गएको,
- ★ पशु चरिचरणका लागि आवश्यक स्थान र घाँसपातको अभावका कारण पशुपालन तथा दुग्धजन्य उत्पादन र मासुजन्य उत्पादनमा नकारात्मक असर पर्न गएको,
- ★ समग्र मानव स्वास्थ्यमा समेत नकारातमक प्रभाव पर्दै गएको,
- ★ पृथ्वीका तापमानमा वृद्धि हुँदै गई जलवायु परिवर्तनको समस्या सिर्जना भएको ।

अन्तयमा वन सम्पदा मानव एवम् समग्र प्राणी जगतको अस्तित्वसँग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको हुन्छ । वन विना कुनै प्राणलीको अस्तित्व रहन सक्दैन । त्यसैले बढ्दो वन विनाशलाई रोक्ने तर्फ कदम चाल्नु सबैको कर्तव्य हो । यदि अझै पनि वन विनाश रोक्न तर्फ कदम नचालिएमा हाम्रो जस्तो हिमाली मुलुकको अस्तित्व नै धरापमा पर्न जान सक्ने सम्भावना रहेको छ।

**१०. जलस्रोतको धनी देश भएर पनि नेपालमा उर्जा संकट हुनुका कारणहरू के हुन् ? साथै सो संकटबाट मुक्ति पाउन के गर्नु पर्दछ ? उल्लेख गर्नुहोस् । (In spite of being a rich country in water resources, what are the causes of having energy crisis in Nepal? And, mention what needs to be done to get rid of such crisis?) 10**

**नेपालमा उर्जा संकट हुनुका कारणहरू**

नेपालमा पर्याप्त मात्रामा प्राविधिक रुपले उत्पादन गर्न सकिने जलस्रोत भएता पनि सोको विकास र उपयोग गर्न नसक्दा मुलुकको लामो समय देखि उर्जा संकटको सामना गर्न परिरहेको छ जसले गर्दा राष्ट्को महत्वपूर्ण आर्थिक स्रोत विद्युत आयातका लागि विदेश पठाउनु परिरहेको छ । नेपालमा उर्जा संकट हुनुका प्रमुख कारणहरूलाई देहाय बमोजिम व्यक्त गर्न सकिन्छ :-

Question Bank Nepal

★ जलविद्युतको विकास एवम् उत्पादन सम्बन्धी विषयलाई राजनीति गर्ने क्षेत्रको रुपमा राजनीतिक दलले प्रयोग गर्नु,

★ विद्युत उत्पादनका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन हुन नसक्नु,

★ विदेशी लगानीका लागि विश्वसनीय वातावरण सिर्जना गर्न नसक्नु,

★ जलविद्युत विकासबाट हुने दीर्घकालीन राष्ट्रिय हित भन्दा पनि निश्चित वर्गको निहित स्वार्थ तथा संकुचित राष्ट्रवादलाई बढी जोड दिइनु,

★ विद्युत उत्पादनका लागि आवश्यक संस्थागत एवम् नीतिगत व्यवस्थाको अभाव रहनु,

★ लघु जलविद्युत आयोजना निर्माण र सञ्चालनका लागि प्रोत्साहन गर्न नसकिनु,

★ विद्युतको उच्च चुहावट हुनु तथा समुचित वितरण हुन सक्नु,

★ छिमेकी राष्ट्रहरूसँग साझेदारी गरी राष्ट्रिय हित अनुकुल विद्युत विकास र उत्पादन गर्न नसकिनु आदि ।

**उर्जा संकटबाट मुक्ति पाउने उपायहरू**

★ निजी क्षेत्र तथा वैदेशिक लगानी ठूला तथा जलाशययुक्त आयोजनामा आकर्षित गर्ने,

★ १० देखि १५ वर्षको दीर्घकालीन लक्ष्यका साथ ठूला नदीहरूबाट ठूलो मात्रामा विद्युत उत्पादन गर्ने आयोजना तर्जुमा गर्ने,

★ स्वदेशी निजी क्षेत्रबाट सम्पन्न हुन सक्ने किसिमका मझौला विद्युत आयोजना पहिचान गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

★ सामुदायिक सहभागिता र लागानीमा निर्माण र सञ्चालन हुने लघु जलविद्युत आयोजनाको प्रवर्द्धन गर्ने,

★ वैकल्पिक उर्जाका स्रोतहरूको पहिचान र जडान एवम् उत्पादनका लागि विशेष सहुलियत र प्राथमिकता दिने,

★ कडाईका साथ विद्युत चुहावट नियन्त्रण गर्ने,

★ स्वदेशमै पर्याप्त मात्रामा जलविद्युतको उत्पादन र प्रसारण नभएसम्मको लागि आवश्यक विद्युत आयात गर्ने,

★ स्वदेशी एवम् अन्तरदेशीय प्रसारण लाइनको विस्तार गर्ने र भएका प्रसारण लाइनको क्षमता अभिवृद्धि गर्ने आदि ।

अन्त्यमा देशको समग्र विकासका लागि उर्जा संकट प्रमुख बाधक रहेको र देशमा उपलब्ध रहेको जनस्रोतको उपयोग गरी विद्युत उत्पादन गर्न नसकेको वर्तमान अवस्थामा जलश्रोत हाम्रा लागि locker मा राखेको सुन जस्तो भएको छ । जलस्रोतको उपयोगका लागि माथि सुझाइएका उपायहरू अवलम्बन गर्न सकिएमा मुलुकमा विद्यमान उर्जा संकटको अन्त्य भई देशको समृद्धिको बाटो समात्ने अपेक्षा राख्न सकिन्छ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट १ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक विवाद तथा द्वन्द भन्नाले के बुझिन्छ ? द्वन्द सन्दर्भमा रहेका धारणा/ दृष्टिकोणहरू उल्लेख गर्दै सामाजिक द्वन्द्व व्यवस्थापनमा वहुपक्षीय भूमिका बारेमा चर्चा गर्नुहोस् ।

(२) नेपालमा बसाईंसराइका प्रमुख कारणहरू बारे चर्चा गर्दै बसाईंसराइको समस्या निराकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरू के के हुन सक्दछन् ? लेख्नुहोस् ।

(३) कस्तो अपराधलाई सम्पत्ति शुद्धिकरण अपराध भनिन्छ ? यसका प्रमुख सम्भाव्य स्रोतहरू पहिचान गर्दै सम्पत्ति शुद्धिकरण कार्यलाई अपराध घोषणा गर्नुको कारणहरू उल्लेख गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) गरिबीको दुष्चक्र (Vicious Circle of Poverty) भन्नाले बुझ्नुहुन्छ ? गरिबीका कारणहरू उल्लेख गर्दै नेपालमा गरिबीको विद्यमान अवस्थाबारे चर्चा गर्नुहोस् ।

(५) तीनखम्बे अर्थव्यवस्था/नीति बारे चर्चा गर्दै मुलुकको आर्थिक विकासमा निजी तथा सार्वजनिक क्षेत्रले कस्तो भूमिका निर्वाह गर्नुपर्ने ठान्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) मानव विकास भन्नाले के बुझिन्छ ? यसले जोड दिएका विषयहरू बारे उल्लेख गर्दै मानव विकासका लागि वर्तमान समयमा के कस्ता रणनीतिहरू अघि सारिएको पाइन्छ ? चर्चा गर्नुहोस् ।

(७) देशको विकास प्रक्रियामा विकासका साझेदारहरू कुन कुन हुन सक्दछन् ? उल्लेख गर्दै विकास प्रक्रियामा राज्य बाहेकका कुनै दुई साझेदारहरूको भूमिकाबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।

(८) विकेन्द्रीकरण भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयनका बाधक तत्वहरू पहिचान गर्दै यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) कस्ता स्रोतलाई प्राकृतिक स्रोत भनिन्छ ? प्राकृतिक स्रोत सम्बन्धी प्रचलित सिद्धान्तहरू के के छन् ? उल्लेख गर्दै नेपालमा वनजंगल विनासका कारणहरूको सूची बनाउनुहोस् ।

(१०) वातावरण र विकास बीचको अन्तरसम्बन्ध कस्तो रहेको हुन्छ ? उल्लेख गर्दै यी दुई बीचको अन्तरसम्बन्धलाई प्रभावकारी बनाउने उपायहरू के के हुन सक्दछन् ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

## समाधान

**(१) सामाजिक विवाद तथा द्वन्द भन्नाले के बुझिन्छ ? द्वन्द सन्दर्भमा रहेका धारणा/दृष्टिकोणहरू उल्लेख गर्दै सामाजिक द्वन्द्व व्यवस्थापनमा बहुपक्षीय भूमिका बारेमा चर्चा गर्नुहोस् ।**

### सामाजिक विवाद तथा द्वन्द

समाजमा दुई वा सो भन्दा बढी व्यक्ति/दल/समुदाय बीच कुनै विषय वा विचारमा, मतभेद रहनु/स्वार्थको टकरावको स्थिति सृजना हुनुलाई नै सामाजिक द्वन्द्व भनिन्छ । सामाजिक द्वन्द्वलाई व्यक्ति वा समूहबीच हुने कलह, झैं-झगडा, मारकाट, युद्ध र विनासको रुपमा बुझ्न सकिन्छ, भने सकारात्मक दृष्टिमा यसलाई समाजमा रहेका समस्याहरूको समाधानको प्रवेशद्वारका रुपमा लिने गरिन्छ ।

सामाजिक विवाद तथा सामाजिक द्वन्द्व पूरापुर रुपमा समानार्थी शब्दहरू होइनन् । तथापि विवाद पछि द्वन्द्व सिर्जना हुने हुँदा यसलाई सँगसँगै र एकै दृष्टिले हेर्ने गरिएको पाइन्छ । भनिन्छ पनि सामाजिक द्वन्द्वको शुरुवात सामाजिक विवादबाट हुन्छ भने अन्त्य पुनर्निर्माणबाट हुन्छ ।

भौतिकशास्त्रीहरूका अनुसार द्वन्द्वबाट नै पृथ्वीको उत्पत्ति भएकाले संसार द्वन्द्वमय छ । त्यसैले द्वन्द्व विहिन समाजको अस्तित्व असम्भव हुन्छ । फरक सामाजिक रहनसहन, भाषा, धार्मिक मान्यता, सामाजिक मनोविज्ञान तथा आर्थिक अवस्थाले गर्दा मानव समुदायमा भिन्न भिन्न चिन्तनको विकास भै समाजमा विवाद तथा द्वन्द्वको जन्म हुन्छ । समग्रमा सामाजिक विवाद तथा द्वन्द्वलाई देहाय बमोजिमका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ –

★ समाजका दुई पक्षहरू बीचको विरोधाभाषपूर्ण स्थिति अर्थात् लक्ष्य, उद्देश्यमा मेल नखाने अवस्था हो ।

★ द्वन्द्व/विवाद विचारमा भिन्नता, वैमनस्यता, अन्तरविरोध बहिष्कारको अवस्था हो ।

★ फरकपनलाई कार्य व्यवहारमा देखाइएपछि द्वन्द्व देखा पर्दछ र यो स्पष्ट रुपमा प्राकृतिक विषयवस्तु हो ।

★ स्रोत साधन, सौंच विचार, मूल्यमान्यता, भित्री चाहना र आवश्यकता सम्बन्धी संघर्षहरूको प्रतिनिधि हो ।

Question Bank Nepal

- ★ असमान विचार, फरक मत, संघर्षको स्थिति, शत्रुतापूर्ण अवस्था जुन एउटाको कारणले अर्कोले महशुस गर्ने नैराश्यपूर्ण व्यवहार हो ।
- ★ समाजमा रहेका व्यक्तिहरू बीच निरन्तर रुपमा भइरहने अन्तरक्रियाको अवस्था एवं एक मानसिक प्रक्रियाको बुझाई हो ।
- ★ समाजमा अन्तरनिहित विपरित आवश्यकता, विचार, धारणा, मूल्य–मान्यता वा लक्ष्यका कारण जनमानसमा उत्पन्न हुने संघर्ष विरोधाभाषपूर्ण अवस्था हो ।
- ★ शान्तिपूर्ण अवस्था बिग्रिएको वा खलबलिएको अवस्था हो आदि ।

सामान्य किसिमको सामाजिक विवाद देखि सशस्त्र युद्धसम्मको अवस्थालाई सामाजिक द्वन्द्वले प्रतिनिधित्व गर्ने हुनाले द्वन्द्वको विकास अनुरुप यसको स्वरुप पनि फरक हुन्छ । समय, परिस्थिति, क्षेत्र, उद्देश्य अनुरुप सामाजिक द्वन्द्वका शैली र स्वरुपहरू फरक–फरक हुन सक्दछन् ।

"मानिसहरू, समूहहरू वा विचारहरूका बीचको विवादको अवस्था नै द्वन्द्व हो ।" (Confilct is opposition between persons, groups or idea). **मेनचेस्टर विश्वविद्यालय**

### द्वन्द्व सम्बन्धमा प्रचलित विभिन्न धारणा

द्वन्द्व राजनैतिक, आर्थिक, सामाजिक स्वार्थ विच भएको भिन्नताको कारणले सृजना हुन्छ । द्वन्द्व सकारात्मक वा नकारात्मक के हो ? भन्ने सन्दर्भमा देहाय बमोजिम फरक–फरक धारणा रहेका पाइन्छ –

**(क) परम्परागत धारणा (Traditional Concept) :** सन् १९३० देखि १९४० को अवधिमा विद्यमान रहेको यस धारणा अनुसार संगठनमा द्वन्द्वलाई अनावश्यक मानिन्छ अर्थात् नकारात्मक रुपमा लिइन्छ । "द्वन्द्वले संगठनलाई बिगार्छ, संगठनका लागि द्वन्द्व खतरापूर्ण हुन्छ, त्यसैले द्वन्द्व उत्पन्न हुन नै दिनु हुँदैन, यदि उत्पन्न भई हालेमा जसरी पनि यसलाई पन्छाउनु पर्छ" भन्ने मान्यता यस धारणाले राखेको पाइन्छ । यसले व्यवस्थापनका सम्पूर्ण अवयव (Tools) हरू संगठनमा द्वन्द्व उत्पन्नै हुन नदिन/ द्वन्द्व नल्याउने खालका बनाउनु पर्ने कुरामा जोड दिएको पाईन्छ ।

**(ख) मानव–सम्बन्ध धारणा (Human Relation Concept)** : सन् १९४० देखि १९७० को मध्य दशकसम्म विद्यमान रहेको यस धारणा अनुसार संगठनमा द्वन्द्वलाई सकारात्मक र नकारात्मक दुवै दृष्टिकोणबाट हेर्ने गरिन्छ । Relation-orient Research मा आधारित यस अवधारणाले द्वन्द्व सिर्जना हुनु स्वाभाविकै हो भन्ने मान्यता राख्दछ । जहाँ गति हुन्छ, त्यहाँ द्वन्द्व हुन्छ । स्थिरताले द्वन्द्व निम्त्याउदैन, गतिशीलताले द्वन्द्व उत्पन्न हुन्छ भन्दै संगठनमा मानिसको सहभागिताका कारणले द्वन्द्व अवश्यम्भावी छ भन्ने मान्यता राख्छ ।

**(ग) अन्तरक्रियात्मक धारणा (Interactionist Concept)** : यस धारणालाई Organizational Behaviourist Concept & Balance View पनि भनिन्छ । यस धारणाले सगंठनमा द्वन्द्व हुन्छ, हुनुपर्दछ भन्दै सगंठनलाई प्रभावकारी रुपले सञ्चालन गर्न द्वन्द्व आवश्यक हुन्छ भन्ने मान्यता राख्दछ । ज्यादै थोरै द्वन्द्वले सिर्जनात्मकता र नवीन अन्वेषणालाई बाँधो (मलीन) बनाउने तथा व्यक्तिलाई अल्छी बनाउने हुँदा यस्तो द्वन्द्व प्रत्युत्पादक (Counter productive) हुन्छ, भने धेरै उच्च तहको द्वन्द्वले पनि संगठनमा निरसता बढाउने, सन्तुष्टि घटाउने, कार्य सम्पादन घटाउने र कुण्ठा बढाउने हुँदा यस्तो द्वन्द्व पनि प्रत्युत्पादक (Counter productive) हुन्छ । त्यसैले "सगंठनको द्वन्द्व उत्पादनमूलक र सकारात्मक हुनुपर्छ र यो एउटा निश्चित तह (सन्तुलित तह) सम्म रहनपुर्छ" भन्ने मान्यता राख्दछ ।

### द्वन्द्वका स्रोतहरू (Sources of Conflict)

द्वन्द्वका स्रोतहरूका सम्बन्धमा विभिन्न क्षेत्रका विद्वानहरूका आ–आफ्ना धारणा रहेका पाइन्छन् । जसमा मानवशास्त्री, अर्थशास्त्री, राजनीतिज्ञ र मनोविज्ञवेत्ता प्रमुख रहेको पाईन्छ । यी विभिन्न क्षेत्रका विद्वानहरूको धारणाहरूलाई समग्रमा यसप्रकार उल्लेख गर्न सकिन्छ –

| धारणाकर्ता | द्वन्द्वका स्रोतहरू |
|---|---|
| मानवशास्त्री | सामाजिक संस्कारमा रहेको विविधता |
| अर्थशास्त्री | स्रोतको असमानुपातिक वितरण |
| राजनीतिज्ञ | राजनीतिक विचारधाराको फरक मान्यता |
| मनोविज्ञानवेत्ता | व्यक्ति/समूहको उद्देश्यमा रहेको विभेद |

### सामाजिक विवाद तथा द्वन्द्वको विकासक्रम

सामाजिक विवाद तथा द्वन्द्वको विकासक्रम सामान्य विवादबाट शुरुभई पुनर्निर्माणमा गई रोकिन्छ भन्न सकिन्छ । तथापि द्वन्द्वको पृष्ठभूमी द्वन्द्व भएको क्षेत्र तथा परिस्थिति, द्वन्द्व व्यवस्थापनमा भएका वहुपक्षीय प्रयासबाट द्वन्द्व विकासको

Question Bank Nepal

चरण प्रभावित भएको हुन्छ । समग्रमा अन्य द्वन्द्व जस्तै सामाजिक विवाद तथा द्वन्द्वको विकासक्रमलाई देहाय बमोजिमका चरणमा उल्लेख गर्न सकिन्छ :–

प्रथम चरण : सामाजिक विवाद
↓
द्वितीय चरण : सामाजिक हिंसा
↓
तृतीय चरण : समाजमा सशस्त्र युद्ध
↓
चतुर्थ चरण : द्वन्द्वात्मक पक्ष बीच सम्झौता, समर्पण
↓
पञ्चम चरण : समाजको पुनर्निर्माण

माथि चार्टमा देखाएझैं सामान्यतः समाजमा उत्पन्न हुने विवाद नै सामाजिक विवाद तथा द्वन्द्वको शुरुको अवस्था हो । द्वन्द्वले विकास र विनास दुवै निम्त्याउन सक्ने हुनाले सामाजिक द्वन्द्वलाई विवादको अवस्थामा बुद्धिमतापूर्ण तरिकाले उचित व्यवस्थापन गर्न नसकिएमा विवादले क्रमशः समाजमा हिंसात्मक रुप लिन सक्दछ । समाजमा हुने यस किसिमको अवस्थालाई सामाजिक विवाद तथा द्वन्द्वको द्वितीय चरणको रुपमा लिन सकिन्छ । सामाजिक विवाद वा सही रुपमा व्यवस्थापन गर्न नसकिएमा यो सशस्त्र युद्धतर्फ उन्मुख हुन जान्छ ।

द्वन्द्वको विकसित एवं ध्वंसात्मक रुप समाजमा सशस्त्र युद्धले ठाउँ पाउनु हो । कहि लामो त कहीं छोटो अवधिसम्म समाजमा सशस्त्र युद्ध भई यस अवस्थामा युद्धरत पक्षहरूबीच जीतहारको अवस्था वा जीत जीतका लागि संझौताको अवस्था वा चरणमा सामाजिक विवाद तथा द्वन्द्व पुग्दछ । द्वन्द्वको विकसित रुपले ल्याएको संझौता वा समर्पणको अवस्थाबाट क्रमशः समाजका द्वन्द्वरत पक्षहरू समाजको पुनर्निर्माणको चरण पछि सामाजिक विवाद तथा द्वन्द्व अन्तभई समाजमा विकास, सम्वृद्धि, स्वामित्व तर्फ अग्रसर हुँदै शान्तिपूर्ण समाजको निर्माण हुने कुरामा विश्वास गर्ने गरिन्छ ।

**सामाजिक द्वन्द्व व्यवस्थापनमा विभिन्न पक्षको भूमिका**

समग्र सामाजिक विकासका लागि द्वन्द्व आवश्यक भएता पनि यसको सही तरिकाले व्यवस्थापन गर्न नसकिएमा विवादले समाजलाई झन् अस्त व्यस्त बनाउँछ । अत्यन्तै संवेदनशील विषय भएकोले यसको व्यवस्थापनमा विभिन्न पक्षको भूमिका आवश्यक पर्दछ । सामाजिक द्वन्द्वको व्यवस्थापनमा निम्न पक्षहरूको भूमिका महत्वपूर्ण मानिन्छ :

**(१) सरकारको भूमिका**

★ समाजमा नकारात्मक द्वन्द्वको सिर्जना हुनै नदिन निष्पक्ष न्याय व्यवस्थाको प्रत्याभूति गरी Preventive Role खेल्ने ।

★ सन्तुलित एवम् दिगो विकासका लागि दीर्घकालीन विकासको अवधारणा अनुरुप योजना तथा नीति निर्धारण गर्ने ।

★ देशमा उपलब्ध स्रोत साधनलाई सीमित वर्गको मात्र पहुँच एवं नियन्त्रण हुन नदिई सम्पूर्ण वर्ग, जाती, समुदाय, क्षेत्र एवम् लिंगले समान उपयोग गरी लाभ प्राप्त गर्न सक्ने किसीमको वातावरण सिर्जना गर्ने ।

★ गरिवी निवारण, पिछडिएको क्षेत्र, आदिवासी जनजाती दलित एवम् महिला वर्गको उत्थान एवं मूलप्रवाहीकरण गरी दुर्गम क्षेत्रको विकास तथा सशक्तिकरण अपांग सशक्तिकरण अशक्त तथा ज्येष्ठ नागरिकको सुरक्षा दिने जस्ता कार्यमा सामाजिक न्यायको सिद्धान्त व्यवहारमा ल्याउने ।

**(२) राजनीतिक दलहरूको भूमिका**

★ स्थानीय स्तरमा विभिन्न राजनीतिक दलहरूबीच उत्पन्न विवाद तथा द्वन्द्व व्यवस्थापनमा सहयोग गर्ने ।

★ राजनीतिक अवस्था एवम् विचारका आधारमा द्वन्द्वको सिर्जना हुन नदिने ।

★ सामाजिक भड्काव बढ्ने तथा प्रतिकुल असर पर्ने गरी राजनीतिक गतीविधि सञ्चालन नगर्ने ।

★ राजनीतिक नेतृत्वमा महिला दलित, मधेशी, आदिवासी, जनजाति एवम् पिछडिएको क्षेत्रबाट बढि प्रतिनिधित्व हुने व्यवस्था सुनिश्चित गर्ने ।

★ सामाजिक एकता, भातृत्व र सहिष्णुता कायम गर्ने कुरा राजनीतिक दलको उच्च प्राथमिकतामा राखि सो तर्फ प्रतिवद्ध हुने ।

**(३) सार्वजनिक प्रशासनको भूमिका**

★ समाजको सामाजिक संरचना र त्यसका प्रभाव प्रति प्रशासनले जानकारी राख्दै सार्वजनिक सेवाको वितरणमा विभेदपूर्ण नीति नलिने ।

Question Bank Nepal

★ सार्वजनिक प्रशासन सरकारको प्रतिनिधि भएकाले राज्यले जनतालाई पुऱ्याउनुपर्ने सेवा सुविधा सेवाग्राहीको माग अनुरुप प्रवाह गर्न भरमग्दुर प्रयास गर्ने ।

★ विकास निर्माणका कार्यक्रम तर्जुमा देखि कार्यान्वयनका हरेक चरणमा सामाजिक सहभागिता प्रवर्द्धन गरी द्वन्द्वको सिर्जना हुन नदिने अवस्थाको सिर्जना गर्ने ।

★ छिटो, छरितो, प्रभावकारी, मितव्ययी, पारदर्शी एवम् सेवाग्राहीमुखी सार्वजनिक सेवा प्रवाह गर्न सक्नेगरी सार्वजनिक प्रशासनले आफ्नो संरचना निर्माण गर्ने ।

★ समाजमा हुने कानून विरोधी हिंसात्मक गतिविधिका सम्बन्धमा तत्काल कानूनी कारवाही गर्ने ।

★ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवम् जनमुखी बनाउने ।

**(४) सामाजिक संस्था एवम् नागरिक समाजको भूमिका**

★ कुनैपनि गैरसरकारी संस्थाहरूले आफ्ना क्रियाकलापहरू सञ्चालन गर्दा धार्मिक, जातीय, वर्गीय एवम् लैगिक विभेद नहुने गरी सञ्चालन गर्ने ।

★ सामाजिक विवाद र द्वन्द्वबारे सचेत रहि सामाजिक सुधार, जनचेतना वृद्धिका लागि आवश्यक जनपरिचालन गर्ने ।

★ आफ्ना क्रियाकलापहरू समाजको कुनै पक्षको लागि मात्र सञ्चालन नगरी समाजका सबै पक्षसँग बराबरको सम्बन्ध कायम गर्ने ।

★ समाजका सबै पक्षहरूबीच आपसी सद्भाव कायम राख्नका लागि सरकारकासँग समन्वय गरेर सरकारले विभेदकारी नीति अवलम्बन गरेमा त्यसमा सुधारका लागि दबाब सिर्जना गर्ने ।

निष्कर्षमा भन्नुपर्दा द्वन्द्व कुनैपनि समाजको एक हिस्सा नै हो । त्यसैले सामाजिक द्वन्द्व सिर्जनाको लागि सहज वातावरण समेत तयार पार्दै सोको उचित व्यवस्थापनका लागि असल राजनीतिक एवम् प्रशासनिक प्रयास सुनिश्चत गर्न सकेमा समाजले पक्कै पनि रूपान्तरणको बाटो लिन सक्दछ जुन आजको नेपाली समाजको आवश्यकता पनि हो ।

**(२) नेपालमा बसाइँसराइका प्रमुख कारणहरू बारे चर्चा गर्दै बसाईंसराइको समस्या निराकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरू के के हुन सक्दछन् ? लेख्नुहोस् ।**

**मानव बसाइँसराई (Human Migration)**

सामान्य अर्थमा कुनै पनि मानव वा मानव समूदाय कुनै एक स्थान/क्षेत्रबाट अर्को स्थान/क्षेत्रमा बसाइँ सर्ने प्रक्रियालाई नै बसाइँसराई भनिन्छ । बसाइँसराई कुनै व्यक्ति वा परिवार आफू परम्परागत रुपमा बसोवास गरिरहेको स्थानबाट अर्को स्थानमा सर्ने कार्य हो । Globalization को सन्दर्भमा सामान्य रुपमा लिइने बसाईसराई प्रक्रियालाई मानिसको प्रवृत्तिको रुपमा लिने गरिन्छ ।

जनसाङ्ख्यिक दृष्टिकोणले भन्नुपर्दा एक निश्चित समयावधि भित्र एक भौगोलिक एकाइबाट अर्को भौगोलिक एकाइमा बासस्थानको परिवर्तनमा सरीक भएका मानिसहरूको भौगोलिक चाललाई बसाइँसराई (Human Migration) भनिन्छ । जनसङ्ख्या परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने तीनवटा तत्व मध्ये बसाइँसराई पनि एउटा तत्व हो । यस तत्वले कुनै एक स्थानको जनसङ्ख्या घटाउँछ, भने अर्को कुनै एक स्थानको जनसङ्ख्या बढाउँछ । बसाइँसराइ अप्राकृतिक जनसांख्यिक तत्व हो । बसाइँसराई हुन बासस्थानको परिवर्तन अल्पकालिन नभई दीर्घकालीन हुनुपर्दछ ।

| बसाइँसराईको वर्गीकरण | |
|---|---|
| (क) आन्तरिक बसाइँसराई (Internal Migration) | देशभित्रको एक स्थानबाट अर्को स्थानमा हुने बसाइँसराई लाई आन्तरिक बसाइँसराई भनिन्छ । |
| १. भौगोलिक प्रदेशको आधारमा आन्तरिक बसाइँसराईको प्रकार | अन्तरप्रदेश बसाइँसराई र प्रदेशगत बसाइँसराई |
| २. प्रवाहको आधारमा आन्तरिक बसाइँसराईको प्रकार | गाउँबाट सहरमा, गाउँबाट गाउँमा, सहरबाट गाउँमा र सहरबाट सहरमा बसाइँसराई |
| ३. समयको आधारमा आन्तरिक बसाइँसराईको प्रकार | स्थायी, अर्ध–स्थायी, अस्थायी र मौसमी बसाइँसराई |
| (ख) अन्तर्राष्ट्रिय बसाइँसराई (International Migration) | अन्तर्राष्ट्रिय सीमाना पार गरी एक देशबाट अर्को देशमा हुने जनसङ्ख्याको स्थान्तरणलाई अन्तर्राष्ट्रिय बसाइँसराई भनिन्छ । |
| १. समयको आधारमा अन्तर्राष्ट्रिय बसाइँसराईको प्रकार | स्थायी बसाइँसराई र अस्थायी बसाइँसराई |
| २. इच्छाको आधारमा अन्तर्राष्ट्रिय | बाध्यात्मक बसाइँसराई र स्वेच्छिक बसाइँसराई |

Question Bank Nepal

| बसाइँसराईको प्रकार | |
|---|---|
| ३. बसाइँसराईको प्रकृतिका आधारमा अन्तर्राष्ट्रिय बसाइँसराईको प्रकार | वैधानिक बसाइँसराई, अवैधानिक बसाइँसराई र शरणार्थी । |

**नेपालमा बसाईँसराईका प्रमुख कारणहरू**

बसाइँसराईलाई प्रभावपार्ने मुख्य कारक तत्वहरू भनेका आकर्षण गर्ने र विकर्षण गर्ने तत्वहरू हुन् । उद्‌गमस्थलमा भएका अभावहरूलाई विकर्षण गर्ने तत्व भनिन्छ, भने बसाइँ सरी जाने ठाउँमा भएका सुविधाहरूलाई आकर्षण गर्ने तत्व भनिन्छ । आकर्षण गर्ने र विकर्षण गर्ने तत्वहरू देहाय बमोजिम बुँदागतहरूपमा तल उल्लेख गरिएको छ –

| आकर्षण गर्ने तत्वहरू | विकर्षण गर्ने तत्वहरू |
|---|---|
| ▫ राम्रो रोजगारी तथा आर्थिक अवसर,<br>▫ विकासका पूर्वाधारको उपलव्धता,<br>▫ कृषियोग्य उब्जाउ भूमीको उपलब्धता,<br>▫ श्रम र सीपको बढ्दो माग,<br>▫ शान्तिसुरक्षा तथा अमनचयनको अवस्था,<br>▫ विभेद र शोषणमुक्त सामाजिक ढाँचा,<br>▫ वातावरणीय अनुकुलताको अवस्था,<br>▫ उचित /राम्रो बजार व्यवस्थापन,<br>▫ उच्च स्तरीय सहरी जीवनको प्राप्ति,<br>▫ बौद्धिक स्वतन्त्रता एवं उन्नतिका अवसरहरूको उपलब्धता,<br>▫ राजनैतिक स्थिरता आदि । | ▫ बेरोजगारी एवं निम्न जीवनस्तर,<br>▫ शान्तिसुरक्षा तथा अमनचयनको अभाव,<br>▫ विभेद एवं शोषणपूर्ण सामाजिक ढाँचा,<br>▫ विकासका पूर्वाधारको अभाव,<br>▫ स्वतन्त्रताको अभाव एवं उन्नतिका अवसरहरूको कमी,<br>▫ बजार व्यवस्थापनको अभाव,<br>▫ उच्च जीवनस्तरको अभिलाषा,<br>▫ बाढी, पहिरो, सुख्खा जस्ता प्राकृतिक प्रकोप तथा वातावरणीय विनास,<br>▫ आर्थिक गिरावट तथा पछौटेपन,<br>▫ राजनैतिक अस्थिरता आदि । |

नेपालमा बर्सेनी गाउँबाट शहरमा, हिमाल/पहाड बाट तराईमा तीव्र रुपमा बसाइँसराइ हुदै आएको पाईन्छ । नेपालमा बसाइँसराइ लाई प्रभाव पार्ने मुख्य कारक तत्वहरू पनि माथि उल्लेखित आकर्षण गर्ने र विकर्षण गर्ने तत्वहरू नै हुन् । तथापि नेपालमा बसाइँसराईका प्रमुख कारणहरुमा कृषियोग्य उब्जाउ भूमीको उपलब्धता, रोजगारी/आर्थिक अवसर, विकासका पूर्वाधारको अवस्था र उन्नतिका अवसरहरूको उपलब्धतालाई लिन सकिन्छ ।

**बसाइँसराईको समस्या निराकरणका उपायहरू**

★ बसाइसराईको समस्याका सम्पूर्ण पक्षहरूलाई सम्बोधन गर्ने गरी बसाइसराइ सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरी त्यसलाई व्यवस्थित एवं प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।

★ वैदेशिक बसाइसराइ समस्या समाधानका लागि स्वदेशमा नै रोजगारीका पर्याप्त अवसरहरू सिर्जना गरी युवा वर्गलाई मुलुकमा नै उपयोग गर्ने ।

★ मुलुकका दुर्गम तथा ग्रामीण क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, यातायात, उद्योग, सञ्चार जस्ता पूर्वाधार विकास गर्न सकेमा त्यस क्षेत्रहरूबाट अन्यत्र हुने बसाइसराईको समस्या निराकरण गर्न सकिन्छ ।

★ मुलुकमा समानुपातिक सन्तुलित विकासमा जोड दिनु पर्दछ, अर्थात् विकास र जनसङ्ख्याबीच सन्तुलन एवं तादाम्यता कायम गर्नुपर्ने ।

★ बहुपक्षीय सहकार्य एवं समन्वयको माध्यमबाट जनचेतनाको अभिवृद्धि गर्दै बसाइसराइ समस्याको निराकरण गर्ने ।

★ सरकारद्वारा प्रदान गरिने सार्वजनिक सेवा तथा सुविधाहरूलाई विकेन्द्रित गरी जनताको घरदैलोसम्म पुऱ्याउन सकेमा पनि बसाइसराईको समस्या केही हदसम्म निराकरण गर्न सकिन्छ आदि ।

**(३) कस्तो अपराधलाई सम्पत्ति शुद्धिकरण अपराध भनिन्छ ? यसका प्रमुख सम्भाव्य स्रोतहरू पहिचान गर्दै सम्पत्ति शुद्धिकरण कार्यलाई अपराध घोषणा गर्नुको कारणहरू उल्लेख गर्नुहोस् ।**

**सम्पत्ति शुद्धीकरण अपराध**

सामान्य अर्थमा गैरकानूनी रुपमा आर्जित आयलाई रूपान्तरण गर्दै कानुनी प्रक्रियाबाट आर्जन गरिएको देखाउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण अपराध भनिन्छ । विस्तृत अर्थमा सम्पत्ति शुद्धीकरण अपराध वित्तीय अपराधको एउटो पक्ष हो जसमा अवैध, गैर कानुनी एवं आपराधिक कार्य र कंसुर गरी कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति र स्रोत लुकाउने एवं छिपाउने र विभिन्न वित्तीय कारोबारको माध्यमबाट नयाँ कानुनी स्रोत सिर्जना गर्ने प्रयास गरी त्यस्तो सम्पत्तिलाई शुद्ध बनाएको वा बनाउने प्रयत्न भएको हुन्छ ।

संम्पत्ति शुद्धीकरण अपराध मूलतः नेपालजस्तो सानो र कमजोर अर्थतन्त्र भएको मुलुकमा तुलनात्मक रुपमा यस अपराधको नकारात्मक प्रभाव तत्काल पर्ने र आपराधिक व्यक्तिहरूको आकर्षणको केन्द्र बन्ने गरेको पाइएको छ । मुद्रा

Question Bank Nepal

निर्मलीकरण पनि भनिने सम्पत्ति शुद्धीकरण अपराधलाई एक किसिमको संगठित अपराध, सीमारहित अपराध, श्वेतग्रेभी अपराध, अपराध पछिको अपराध, वित्तीय कारोवार सम्बन्धी अपराध आदि रुपमा पनि बुझ्न सकिन्छ ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तर्राष्ट्रिय संस्था वित्तीय कारवाही कार्यदल (FATF) ले सम्पत्ति शुद्धीकरणलाई अपराधजस्तो नराम्रो स्रोतबाट प्राप्त आम्दानीलाई छिपाउन गरिने प्रक्रिया एवं वित्तीय कारोबारलाई गैरकानुनी आर्जनको परिचय, स्रोत वा गन्तव्यलाई छिपाउने व्यवहार भनी व्याख्या गरेको पाईन्छ । INTERPOL का अनुसार सम्पत्ति शुद्धीकरण भन्नाले त्यस्तो कार्य हो, जसमा अवैधानिक रूपबाट प्राप्त भएको धनको स्रोत लुकाइन्छ वा रूप परिवर्तन गरिन्छ । जसको कारणबाट त्यस्तो धन वैधानिक स्रोतबाट आएको देखिन्छ ।

संक्षेपमा भन्नु पर्दा गैरकानूनी वा आपराधिक धन्धाबाट प्राप्त आयलाई कानूनसम्मत सम्पत्तिमा रूपान्तरण गरी वैधानिक गर्ने क्रियाकलाप अर्थात् अपराध पछिको अपराध नै सम्पत्ति शुद्धीकरण अपराध हो भन्न सकिन्छ । सम्पत्ति शुद्धीकरणमा त्यस्तो आयको उत्पत्ति, वास्तविक स्रोत र प्राप्तीको स्थान लुकाइएको एवं छिपाएको र कृत्रिम तर कानूनी स्रोत सिर्जना गरिएको अवस्था रहन्छ ।

**सम्पत्ति शुद्धीकरण अपराधका प्रमुख सम्भाव्य स्रोतहरू**

सम्पत्ति शुद्धीकरणका सम्भाव्य स्रोतहरू विभिन्न हुनसक्ने भएतापनि मुलतः देहायका स्रोतहरूबाट प्राप्त आर्जनको सम्पत्ति शुद्धीकरण हुने गरेको विश्वव्यापी अनुभव रहेको छ –

★ आतंककारी कार्य र आतंकवादमा भएको वित्तीय लगानी,

★ लागूऔषध कारोबार तथा अवैध हातहतियारको कारोबार,

★ भ्रष्टाचार, राजस्व चुहावट/छली तथा सीमा तस्करी,

★ मानव तस्करी तथा अमूल्य वस्तु, जनावर र बोटबिरुवाको तस्करी,

★ अपहरण तथा शरीरबन्धन, फिरौती र मानव बेचबिखन,

★ चिट्ठा ठगी, माफिया सञ्चालन, हुन्डी व्यापार एवं क्यासिनो,

★ चोरी र डकैती (पाइरेसी),

★ कुनै पनि कालो धन सेतो पार्ने लगायतका जुनसुकै कार्यहरू ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐनले राजश्व छली, सङ्गठित रूपमा अपराध, आतङ्ककारी क्रियाकलापमा लगानी, मानव बेचबिखन, लागु औषध कारोबार, भ्रष्टाचार, आदिजस्ता मूल अपराधहरू (Predicate Offences) बाट प्राप्त आर्जनलाई सम्पत्ति शुद्धीकरणको प्रमुख स्रोतको रुपमा लिएको छ ।

**सम्पत्ति शुद्धीकरणबाट प्रभावित हुने क्षेत्र**

सम्पत्ति शुद्धीकरण अपराधले राष्ट्को राजनीतिक क्षेत्र, न्याय एवं कानूनी क्षेत्र, वित्तीय प्रणाली, सामाजिक क्षेत्र, वैंक तथा वित्तीय क्षेत्र, निजी क्षेत्र, वैदेशिक लगानी, विप्रेषण आयको क्षेत्र लगायतका सबै क्षेत्रहरूमा नकारात्मक प्रभाव पार्दै मुलुकको समग्र अर्थतन्त्रलाई क्रमशः परनिर्भरता तर्फ उन्मुख गराउँछ । संक्षेपमा, सम्पत्ति शुद्धीकरण अपराधले पार्ने नकरात्मक प्रभावहरूलाई देहाय बमोजिम सूचीकृत गर्न सकिन्छ –

| सम्पत्ति शुद्धीकरण अपराधबाट पर्ने प्रभावहरू | |
|---|---|
| ★ राजनीतिलाई अपराधीकरण गर्ने, | ★ वित्तीय स्थायित्वलाई नष्ट गर्ने, |
| ★ सर्वत्र अस्थायित्वको वातावरण सृजना गर्ने, | ★ नियमन, सुपरिवेक्षण र कानूनी कारवाही ध्वस्त गर्ने, |
| ★ आर्थिक लगानीलाई दुरुत्साहन गर्ने, | ★ पूँजी पलायनलाई बढावा दिने, |
| ★ व्यापार घाटा बढाउने, | ★ पारदर्शिता घट्ने, |
| ★ विनिमय दरलाई अस्थिर पार्ने, | ★ विश्वासको वातावरण गुम्ने, |
| ★ विदेशी विनिमय दुरुपयोग बढाउने, | ★ अपराध र अपराधी शक्तिशाली बन्ने । |

सम्पत्ति शुद्धीकरण अपराधले राष्ट्को राजनीतिक, सामाजिक, आर्थिक र कानुनी सबै क्षेत्रमा उपरोक्तनुसारका नकारात्मक प्रभाव पार्ने हुँदा समग्र राष्ट्को शासन र सुशासन यसबाट प्रत्यक्ष एवं परोक्ष रुपमा प्रभावित हुन्छ । परिणामतः समग्र राज्यको स्थिरतामा खलल पुग्ने मात्र नभई राष्ट्रिय/अन्तर्राष्ट्रिय सुरक्षा माथि पनि यसले चुनौती सृजना गर्दछ ।

**सम्पत्ति शुद्धीकरणलाई अपराध घोषणा गर्नुको कारण**

सम्पत्ति शुद्धीकरण कार्यलाई अपराध घोषणा गर्नुको प्रमुख कारणहरूमा देहायका कुराहरूलाई लिन सकिन्छ –

★ अन्तर्राष्ट्रिय संगठित आपराधिक क्रियाकलापलाई रोकथाम गर्न ।

Question Bank Nepal

★ आतंकवादी क्रियाकलापहरूलाई रोकथाम गर्ने कार्यमा सहयोग पुऱ्याउन ।
★ वित्तीय अपराध नियन्त्रण गर्न ।
★ वित्तीय अनुशासन र सदाचार कायम राख्न ।
★ बजारमा देखिने अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न ।
★ अर्थतन्त्रबाट माफिया र तस्करतन्त्र समाप्त गर्न ।
★ राजनीतिमा अपराधीकरण बढ्न नदिन ।
★ निर्दोष व्यक्तिहरूलाई अपराधी बन्नबाट जोगाउन ।
★ अपराध पछि पुन अर्को अपराध घट्न नदिने ।
★ अन्तर्राष्ट्रिय समुदायसमक्ष राष्ट्रिय छवि उच्च राख्न आदि ।

**सम्पत्ति शुद्धीकरण अपराध निवारणको जरुरत/आवश्यकता**

सम्पत्ति शुद्धीकरण अपराधको निवारण मूलतः देहायका कारणबाट जरुरी देखिएको छ –

★ शंकास्पद कारोवार पहिचान गरी सम्भावित अभियुक्तलाई अनुसन्धान, तहकिकात एवं अभियोजन गरी कानूनी दायरामा ल्याउन,
★ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा हुने लगानीलाई अपराधीकरण गर्न,
★ सम्पत्ति शुद्धीकरण गर्ने अपराधीलाई कानूनको दायरामा ल्याई दण्ड सजाय गर्न,
★ सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी हुने कार्यबाट आर्जित सम्पत्ति जफत गर्न,
★ सम्पत्ति शुद्धीकरण निवारणमा राष्ट्रिय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सहयोगको आदानप्रदान गर्न,
★ भविष्यमा अपराधीहरूले गैर कानूनी कार्यबाट सम्पत्ति शुद्धीकरण गर्न नसक्ने वातावरण सिर्जना गर्न र
★ राष्ट्रिय, क्षेत्रीय एवं अन्तर्राष्ट्रिय अर्थतन्त्रको स्वस्थ्य ढंगले विकास गर्न ।


**(४) गरिबीको दुष्चक्र (Vicious Circle of Poverty) भन्नाले बुझ्नुहुन्छ ? गरिबीका कारणहरू उल्लेख गर्दै नेपालमा गरिबीको विद्यमान अवस्थाबारे चर्चा गर्नुहोस् ।**

**गरिबीको दुष्चक्र (Vicious Circle of Poverty)**

*'Poor is Poor because he is Poor.'*

गरिबीको दुष्चक्रले त्यस्तो अवस्थाको गरिबीलाई जनाउँदछ जुन अवस्थाबाट मानिस माथि उठ्नै सक्दैन किनकी मानिस गरिबी हुनु भनेको ऊ सँग आय कम हुनु हो जसले गर्दा व्यक्तिले आफूसँग भएको आय जीवन निर्वाहका आवश्यकता पूर्तिकै लागि खर्च गर्नुपर्दछ, जसले गर्दा बचत घट्दछ, घट्दो बचतले लगानी घटाउँदछ, घट्दो लगानीले उत्पादन घटाउँदछ र घट्दो उत्पादनले रोजगारी एवम् आय घटाउँदछ र मानिस फेरी त्यहि गरिबीको अवस्थामा आइपुग्छ ।

गरिबीले गर्दा एक पछि अर्को समस्या सिर्जना हुँदै जान्छ, जसले गर्दा व्यक्ति त्यो गरिबीको अवस्थाबाट निस्कन सक्दैन । गरिबीले गर्दा मानिसले आफ्नो न्युनतम जीवन निर्वाहका लागि आवश्यक पर्ने कुरामा खर्च गर्नुपर्ने हुनाले पोषणयुक्त खानाको कमी हुन जान्छ, जसले गर्दा कुपोषण भई व्यक्ति शारीरिक एवम् मानसिक रुपमा कमजोर एवम् रोगी हुने हुँदा उसको कार्यदक्षतामा ह्रास आई पुनः आय कम प्राप्त गर्दछ र ऊ पुनः गरिब हुन पुग्दछ, गरिबीको यही चक्रलाई नै गरिबीको दुष्चक्र भनिन्छ । गरिबीको दुष्चक्र एक अर्थशास्त्रीय अवधारणा हो, जसलाई निम्न चक्रमा प्रस्तुत गर्न सकिन्छ :-




vicious circle of poverty (गरिबीको दुष्चक्र) नियन्त्रणका Measures का रुपमा Increase in savings, Higher per capital growth rate, Efficient use of natural resources, Employment of human resources, Increasing the stock of capital goods, Technological advance, Role of the advanced nations, Role for the government etc. लाई लिन सकिन्छ ।

**गरिबीका कारणहरू (Causes of Poverty)**

गरिबी समय, परिस्थिति र अर्थतन्त्रअनुसार फरक फरक स्वरुपमा हुन सक्दछन् । नेपालको सन्दर्भमा गरिबीका विभिन्न कारणहरू मध्ये केही प्रमुख कारणहरू देहायबमोजिम प्रस्तुत गरिएको छ :-

★ बेरोजगारी, अशिक्षा र सचेतनाको अभाव एवम् भाग्यवादी अन्धविश्वास तथा रुढिवादी परम्परा,
★ राज्यको एकात्मक ढाँचा, सामन्ती भूस्वामित्व तथा समन्यायिक रुपमा श्रोत साधनको एवम् प्रतिफलको वितरण नहुनु,
★ देशको अधिकांश जनसंख्या कृषिमा निर्भर हुनु र कृषि प्रणाली वैज्ञानिक एवम् व्यावसायिक हुन नसक्नु,

Question Bank Nepal

★ योजना निर्माण एवम् विकास निर्माण प्रक्रियामा लक्षित समुदायको सक्रिय सहभागिता नहुनु,

★ सार्वजनिक श्रोतको विनियोजन एवम् परिचालनमा पारदर्शिता र उत्तरदायित्वको अभावले गर्दा अपेक्षित उपलब्धी हासिल हुन नसक्नु,

★ वैदेशिक सहायतालाई हाम्रो आवश्यकता अनुसार परिचालन एवम् प्रयोग गर्नुपर्नेमा उनीहरूको स्वार्थअनुसार परिचालन गरिनु,

★ सामाजिक, आर्थिक पूर्वाधारको कमीका कारण राज्यद्वारा प्रदान गरिने सेवा सुविधा माथि विपन्न एवम् पिछडिएको वर्गको पहुँचमा कमी,

★ गरिबी न्यूनीकरणका लागि तर्जुमा गरिने नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष फितलो तथा अनुगमन मूल्यांकन प्रणाली कमजोर हुनु,

★ सुशासनको अभावले गर्दा भ्रष्टाचारमा वृद्धि हुनु,

★ आर्थिक एवम् सामाजिक विकासमा पछाडि परेका दुर्गम तथा ग्रामिण क्षेत्रहरुमा राज्यको उपस्थिति शुन्य हुनु,

★ कमजोर श्रम व्यवस्थापनका कारण आर्थिक रुपले सक्रिय जनशक्ति विदेश पलायन हुन गई राष्ट्रमा जनशक्तिको अभाव हुनु,

★ पिछडिएका एवम् बञ्चितीकरणमा परेकाहरूलाई सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउनका लागि तयार गरिएका लक्षित कार्यक्रमहरू प्रभावकारी नहुनु आदि ।

**नेपालमा गरिबीको विद्यमान अवस्था**

★ सन् २००१ को अन्त्यसम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्या ४५.१६% रहेकोमा सन् सन् २०१२ को अन्त्य सम्ममा २३.८% मानिस गरिबीको रेखामुनी रहेको अनुमान छ ।

★ नेपालमा करिब १२ लाख ५० हजार घर परिवारका ७० लाख नेपालीहरू गरिबीको रेखामुनी रहेका छन् जसमा ग्रामीण क्षेत्रका २७.४३% जनता गरिब देखिन्छन् भने शहरी क्षेत्रमा ५.४६% जनता गरिबीको रेखामुनी रहेको कुरा तेस्रो नेपाल जीवनस्तर सर्भेक्षण २०६६/६७ ले देखाएको छ ।

★ भौगोलिक क्षेत्रको आधारमा भन्दा हिमाली क्षेत्रमा सबैभन्दा बढी ४२.२७% गरिबी रहेको देखिन्छ भने पहाडमा २४.३२% र तराईमा सबैभन्दा कम २३.४४% मानिस गरिबीको रेखामुनी रहेका देखिन्छन् ।

★ सुदूर पश्चिमाञ्चल क्षेत्रमा गरिबीको दर, विषमता र गहनता सबैभन्दा उच्च रहेको छ ।

★ विकास क्षेत्रका आधारमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी ४५.६१% गरिबी रहेको छ भने पूर्वाञ्चल विकास क्षेत्रमा सबैभन्दा कम २१.४४% गरिबी रहेको छ ।

★ जातीय आधारमा सबैभन्दा बढी गरिबीको दर पहाडी दलितको (४३.६३%) रहेको देखिन्छ भने नेवार समुदायमा सबैभन्दा कम १०.२५% रहेका देखिन्छ ।

★ Millennium Development Goals ले सन् २०१५ सम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्या २१% मा झार्ने लक्ष्य तोकेको अवस्था थियो ।

निष्कर्षमा हाम्रो मुलुक विकासमा पछाडि पर्नुको विभिन्न कारणहरू मध्ये हाम्रो आर्थिक एवम् मानवीय गरिबी पनि एक हो । नेपालमा गरिबी निवारणका प्रयासहरू विगत देखिनै नभएका भने होइनन् तर ती प्रयासहरू वास्तविकता एवम् वस्तुस्थितिमा आधारित भएर सञ्चालन नगरिएका कारण सफल हुन नसक्नु एकातिर रह्यो भने अर्कोतिर शासन व्यवस्थामा हुने अपारदर्शिता, गैर जिम्मेवारीपन एवम् अनियमितता जस्ता प्रवृत्ति पनि गरिबी निवारणका बाधकका रुपमा रहेका छन् त्यसैले राजनीतिक एवम् प्रशासनिक संयन्त्रमा सुशासनको प्रत्याभूति गरी लक्षित समुदायको वास्तविक अवस्था एवम् आवश्यकतामा आधारित गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्न नसकिएमा गरिबी निवारणमा सहयोग पुग्न जाने देखिन्छ ।

**(५) तीनखम्बे अर्थव्यवस्था/नीति बारे चर्चा गर्दै मुलुकको आर्थिक विकासमा निजी तथा सार्वजनिक क्षेत्रले कस्तो भूमिका निर्वाह गर्नुपर्ने ठान्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।**

**तीनखम्बे अर्थव्यवस्था/नीति र नेपाल**

जनताको बढ्दो इच्छा आकांक्षालाई सम्बोधन गर्न सरकारको सीमित स्रोत र साधन पर्याप्त नहुने हुँदा राष्ट्रको सम्पूर्ण विकासको जिम्मेवारी प्राथमिक रुपमा सरकारकै भएपनि मुलुकको विकास प्रयासमा निजी क्षेत्र, सहकारी क्षेत्र लगायतलाई समेत सरकारको साझेदारको रुपमा विकास गर्नु आवश्यक हुन्छ । यसरी सरकारी क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्रको सामुहिक तथा समन्वयात्मक प्रयासबाट मुलुकको अर्थतन्त्रको स्थायीत्व र विकासका लागी पुँजीं परिचालन गर्ने व्यवस्थालाई नै तीन खम्वे आर्थिक नीति भनिन्छ ।

Question Bank Nepal

तीनखम्बे अर्थव्यवस्था/नीतिले सरकारको कार्यक्षेत्र र भूमिकालाई पूनर्परिभाषित गर्ने, निजी तथा सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्ने, निजी क्षेत्रले गर्न सक्ने कार्यको पहिचान गरी सरकारी संलग्नता घटाउने जस्ता कुराहरूमा जोड दिन्छ । त्यस्तै गरी यस नीतिले सरकारी क्षेत्रबाट विशेषगरी लगानीका लागी नीति नियमका साथै आवश्यक कानुनको तर्जुमा गरी आवश्यक वातावरणको सृजना गर्ने, निजी क्षेत्रबाट देशको प्राथमिकता अनुसार लगानीका लागी आवश्यक पुँजी संकलन तथा सहकारी क्षेत्रबाट आपसी विश्वासको वातावरण सृजना गर्नुका साथै आफुमा भएको पुँजी परिचालन गरी आ आफनो क्षेत्रबाट सक्रीय भूमिका निर्वाह गर्ने कुरामा विशेष जोड दिन्छ ।

आ.व. २०४९/५० देखि खुला, उदार, बजारमुखी आर्थिक नीति अवलम्बन गर्दै आइरहेको नेपालको वर्तमान अन्तरिम संविधानले निजीकरणमा जोड दिने आर्थिक उदारीकरणको अवधारणालाई अँगिकार गर्ने क्रममा तीन खम्बे अर्थ नीति (सरकारी, निजी तथा सहकारी) को परिकल्पना गरेको पाईन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वप्रथम मार्ग दर्शन अनुसार नेपालका पछिल्ला आवधिक योजना र वार्षिक वजेटहरुमा समेत तीनखम्बे आर्थिक नीतिलाई अँगिकार गर्दै आइएकोमा संविधान सभाद्वारा निर्मित नेपालको संविधान, २०७२ को धारा ५१(घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी राज्यको नीतिहरु अन्तर्गत धारा ५१(घ) (१) मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने" स्पष्ट उल्लेख गरी तीन खम्बे आर्थिक नीतिलाई अंगीकार गरेको पाइन्छ । नेपाल सरकारले अवलम्बन गरेको यस तीन खम्बे अर्थ नीति मिश्रित अर्थ नीतिको कित्तामा पर्दछ ।

**मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका**

मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको भूमिकालाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :–

★ विश्वव्यापीकरण र उदारीकरणको वर्तमान विश्व अर्थव्यवस्थामा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता वृद्धि गर्ने ।

★ लगानीकर्ता र श्रमिकहरूबीच राम्रो सम्बन्ध विकास गर्ने र बालश्रम निराकरणमा सहयोग पुऱ्याउने ।

★ वस्तु र सेवाहरुको गुणस्तर अभिवृद्धि गर्न र सुलभरुपमा वस्तु र सेवा उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

★ उपभोक्ताहरुको हितलाई ध्यानमा राखि आफ्नो व्यवसायिक मूल्य र मान्यताको आधारमा सञ्चालन गर्ने ।

★ निजी क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमामा सरकारलाई सहयोग पुऱ्याउने ।

★ निजी, सरकारी, साझेदारी अवधारणा अनुरुप कार्य गर्न सहयोग पुऱ्याउने ।

★ कानून र नियममा व्यवस्था भए अनुरुप कर तिर्ने कार्यमा सहयोग पुऱ्याउने ।

★ पूर्वाधार विकासका ठूला–ठूला परियोजनामा स्वदेशी निर्माण व्यवसायीले जिम्मा लिई (जस्तो : बर्दिया राजापुर जोड्ने कर्णाली पुल) कार्य सम्पन्न गर्ने तथा ठूला–ठूला परियोजनामा निजी क्षेत्र आफैंले लगानी गर्ने (जस्तो : काठमाडौं–हेटौंडा सुरुङ मार्ग) जस्ता कार्य गर्ने ।

★ गरिबी निवारण, भौतिक तथा सामाजिक पूर्वाधार क्षेत्रमा लगानी वृद्धि गर्न सहयोग पुऱ्याउने ।

★ बजारमुखी अर्थ व्यवस्थाको अवधारणा अनुरुप कार्य गराउन सहयोग पुऱ्याउने ।

★ सरकारले समय–समयमा गर्ने बजार अनुगमन कार्यमा सहयोगी भूमिका निभाउने ।

**मुलुकको आर्थिक विकासमा सार्वजनिक क्षेत्रको भूमिका**

सरकार नै मुलुकको विकासको प्रमुख संयन्त्र हो, तर एक्लो संयन्त्र भने होईन । मुलुकको समग्र आर्थिक विकासमा निजी क्षेत्र, सहकारी क्षेत्र तथा अन्य गैर सरकारी क्षेत्रहरूले समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । यस सन्दर्भमा हाम्रा आवधिक योजनाहरू समेतका आधारमा भन्नूपर्दा सार्वजनिक क्षेत्र अर्थात् सरकारले देहायबमोजिमको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ :–

★ मुलुकको शान्ति सुरक्षाको व्यवस्थापन गर्ने र निष्पक्ष न्याय प्रणालीको अनुभूति जनतालाई दिलाउने ।

★ दीर्घकालीन विकासको अवधारणा बमोजिम दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने ।

★ निजी क्षेत्रको विकास र लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत, संस्थागत र कानूनी व्यवस्था गर्ने ।

★ निजी क्षेत्र आकर्षित नहुने क्षेत्रको भौतिक सामाजिक पूर्वाधार विकास आफैंले गर्ने ।

★ उद्योगधन्दा, व्यापार, पर्यटन, जलस्रोतलगायत आर्थिक क्रियाकलापमा निजी क्षेत्रको लगानी बढाउन सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

★ वैदेशिक रोजगारमा जाने युवाहरूलाई मुलुकभित्रै परिचालन गर्न रोजगारीका अवसर सिर्जना गर्ने ।

Question Bank Nepal

- ★ सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्दै विकासको प्रतिफल सर्वसाधारणमा पुऱ्याउन आवश्यक नीतिगत र कार्यगत पहल गर्ने ।
- ★ विकास प्रक्रियामा सबै जनताको सहभागिता गराउन र पिछडिएको क्षेत्र तथा वर्गलाई समेत यस प्रक्रियामा मूलप्रवाहीकरण गरी विकासको गति तीव्र पार्नुपर्ने सन्दर्भमा स्थानीय निकायको भूमिकामा जोड दिने ।
- ★ स्थानीयस्तरका विकास र निर्माणका कार्यहरू व्यवस्थित रुपमा सम्पादन गर्न योजना तर्जुमा, प्राथमिकीकरण तथा जनसहभागिता परिचालनद्वारा कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन कार्यलाई स्वःस्फूर्त रुपमा सम्पादन गर्न आवश्यक क्षमताको विकास गर्ने ।
- ★ स्थानीय स्वायत्त शासन ऐन बमोजिम स्थानीय निकायहरूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने क्षमताको विकास गरी आ–आफ्नो क्षेत्रका जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्ने ।
- ★ मुलुकको विकास निर्माणका कार्यक्रमहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कन र दिशा निर्दिष्ट गराउने ।
- ★ सरकारी कार्यालय तथा स्थानीय निकाय एवम् गैरसरकारी संस्थाबाट सञ्चालित विकास कार्यक्रमहरूको अद्यावधिक विवरण सम्बद्ध विषयगत निकायहरू तथा स्थानीय निकायहरूले दुरुस्त राख्ने ।
- ★ सुशासन अभिवृद्धि गरी जनतालाई पुऱ्याइने सेवा तथा सुविधा समयमै न्यायोचित रुपमा पाउन सक्ने अवस्था सिर्जना गर्ने ।
- ★ वातावरणको संरक्षण एवं प्रदूषण नियन्त्रणका लागि स्थानीय योजना तर्जुमा र कार्यान्वयनको अवस्थामा जनसहभागिता जुटाई स्थानीय स्रोतको संरक्षण गर्ने ।

अन्त्यमा, देशको बहुआयामिक विकासका लागि जलविद्युत तथा ऊर्जा, कृषि, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पुर्वाधार, सुशासन, पर्यटन, व्यापार र वातावरण आदि विषय क्षेत्रहरूलाई प्राथमिकतामा पारेर तत् तत् क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि निजी, सार्वजनिक र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गर्न सकिएमा मुलुकको आर्थिक विकासमा फड्को मार्न सकिने कुरामा दुई मत हुन सक्दैन । यसका लागि मुलुकको सर्वाङ्गिण विकासको प्रमुख संयन्त्रको रुपमा रहेको सार्वजनिक क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

**(६) मानव विकास भन्नाले के बुझिन्छ ? यसले जोड दिएका विषयहरू बारे उल्लेख गर्दै मानव विकासका लागि वर्तमान समयमा के कस्ता रणनीतिहरू अघि सारिएको पाइन्छ ? चर्चा गर्नुहोस् ।**

**मानव विकास (Human Development)**

मानव विकास भन्नाले मानिसको छनोट तथा कल्याणलाई बढोत्तरी गर्ने, क्षमताको विकास गरी उक्त क्षमताको प्रयोग गर्ने अवसर बुझाउँछ । अर्थात शिक्षा, स्वास्थ्य, दीर्घ जीवन, समृद्ध जीवनस्तर, मानवाधिकारको प्राप्ती तथा आत्म सम्मान आदिको अवस्थालाई मानव विकास भन्न सकिन्छ ।

मानव विकासलाई Humanity, biology & psychology गरी तीन दृष्टिकोणमा हेर्ने गरिन्छ । हाम्रो चर्चाको विषय भनेको Human development (Humanity) हो । जुन दृष्टिकोणले माथी उल्लेख गरिए झैं मानव विकासका लागि मानव जीवन स्तरमा सुधार हुनपर्ने कुराको वकालत गर्दछ । मानिसको जीवन स्तरमा सुधार हुनको लागि व्यक्ति वा मानव समुदायको शारीरिक, मानसिक एवम् बौद्धिक क्षमतामा उन्नति प्रगाति एवम् सोको अनुभूति हुनुपर्छ ।

विकासका विभिन्न धारणाहरू मध्ये मानव विकास सम्बन्धी धारणा कान्छो अवधारणा हो यस अवधारणाको विकास सन् १९८० को दशकमा भएको हो । तत् पश्चात सन् १९९० देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले मानव विकास प्रतिवेदन (HDI) प्रकाशन गर्न थालेबाट यस अवधारणाले अझ सशक्त रुप लिएको हो ।

दक्षिण एशियाबाट प्रादुर्भाव भएको मानव विकास सम्बन्धी अवधारणाका प्रतिपादक भारतीय नागरिक अमर्त्य सेन तथा पाकिस्तानी नागरिक महबुब उल हक हुन् । उनीहरूले मानव क्षमता विकासको दायरा फराकिलो पार्नुलाई नै मानव विकासको रुपमा लिएका छन् ।

समग्रमा भन्दा गुणस्तरीय स्वास्थ्य शिक्षा एवम् बौद्धिक ज्ञान आर्जन गर्ने अवसरको माध्यमबाट मानिसको क्षमता विकास गरी उसलाई आफ्नो मानवीय आवश्यकता पूर्ति गर्ने सन्दर्भमा उपलब्ध हुने छनौटको अवसर र सोको उपयोग गर्ने सक्षमताको विकास नै मानव विकास हो ।

**मानव विकासले जोड दिएका विषयहरू**

मानव विकासको प्रारम्भिक चरणमा आर्थिक वृद्धिलाई नै मानव विकासको प्रमुख आधारको रुपमा लिइन्थ्यो । पछि

Question Bank Nepal

समयको विकाससँगै मानव विकासको लागि केवल आर्थिक वृद्धि मात्र पर्याप्त हुँदैन भन्ने धारणाको विकास हुन गई मानव विकास लागि देहाय बमोजिमका आधारभूत विषयहरूको पहिचान गरी ती विषयहरूमा जोड दिन थालियो ।

★ समता (Equity)
★ उत्पादकत्व (Productivity)
★ सुरक्षा (Security)
★ संशक्तिकरण (Empowerment)
★ दिगोपना (Sustainability)
★ सहकार्य (Collaboratio)

मानव विकासले विशेष रुपमा जोड दिएका माथि उल्लेखित विषयहरू मानव विकासका लागि अत्यावश्यक हुने गर्दछन्, जसलाई मानव विकासका आधारहरूका रुपमा पनि लिने गरिन्छ ।

**मानव विकासका रणनीतिहरू**

वर्तमान समयमा मानव विकासका लागि विभिन्न रणनीतिहरू अघि सारिएका छन् । ती रणनीहिरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-


★ सामजिक सेवाका क्षेत्रमा उच्च लगानीमा जोड,
★ कृषिको वैज्ञानिक व्यवस्थापन एवम् व्यवसायीकरणमा जोड,
★ प्राविधिक एवम् जीवनायोपयोगी शिक्षाको विस्तार,
★ दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने,
★ लक्षित समूह केन्द्रित विकास कार्यक्रमको सञ्चालन,
★ विकासका बहु साझेदारहरूको प्रभावकारी परिचालन,
★ लैंगिक समानता, महिला सशक्तिकरण र नागरिक सचेतना,
★ नागरिक सेवा प्रवाहका लागि प्रभावकारी पद्दतिको कार्यान्वयन,
★ मुलुकको आवश्यकता अनुरुपको विकेन्द्रीकरण र संघीय शासन प्रणाली,
★ सुशासनयुक्त दिगो एवम् उच्च विकासमा जोड ।

अन्त्यमा, देशको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्र लगायत भौतिक उपलब्धि र तिनको उपयोगमा जनताको पहुँचको दायरा फराकिलो पार्दै तिनीहरूको इच्छा अनुसारको क्षमता विकास गर्नु नै मानव विकास हो । मूलतः मानव क्षमताको निर्माण गर्ने र मानवीय क्षमताको उपयोग गर्ने वातावरण सिर्जना गर्ने दुई प्रमुख उद्देश्य लिएको मानव विकास सम्बन्धी अवधारणाले उत्पादकत्व समता, सुरक्षा, सशक्तिकरण, दिगोपन तथा सहकार्य जस्ता पक्षमा जोड दिने गर्दछ । वर्तमान समयसम्म आईपुग्दा मानव विकासका लागि सामाजिक सेवामा उच्च लगानी, मानव केन्द्रित सुशासनयुक्त विकास, कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण जस्ता विभिन्न रणनीतिहरू अघि सारिएको पाइन्छ ।

**(७) देशको विकास प्रक्रियामा विकासका साझेदारहरू कुन कुन हुन सक्दछन् ? उल्लेख गर्दै विकास प्रक्रियामा राज्य बाहेकका कुनै दुई साझेदारहरूको भूमिकाबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।**

**विकास प्रक्रियामा विकासका साझेदारहरू**

राज्यले देशको विकास प्रक्रियाका सम्पूर्ण क्षेत्रमा आफ्नो संलग्नता नदेखाई विकासका अन्य साझेदारका लागि Facilator, promotor तथा Regulator को भूमिका खेल्नु पर्दछ भन्ने मान्यताले स्थान पाउँदै गएको वर्तमान समयमा राज्य बाहेक देशको विकास प्रक्रियामा विकासका मुख्य साझेदार (Actors) का रुपमा देहाय बमोजिमका क्षेत्रहरू अगाडी आएको पाईन्छ –




विकास प्रकृयामा बहुपात्रको सहभागिता र सहकार्यको अवधारणाको आवश्यकता महशुस गरिन थालिए पछि पछिल्ला समयमा देशको सन्तुलित विकासका लागि सरकारकाले राज्य सञ्चालन र विकासका सन्दर्भमा सरकारले नगरी नहुने कार्यहरू मात्र सरकारले सञ्चालन गरी अन्य कार्यहरूका लागि सरकारले अन्य क्षेत्रको संलग्नताका लागि उपयुक्त वातावरण सिर्जना गरि दिएर Facilator को भूमिका निर्वाह गर्ने तर्फ केन्द्रित हुदै गएको पाईन्छ ।

**विकास प्रक्रियामा निजी क्षेत्रको भूमिका**

विकासमा निजी क्षेत्रको संलग्नता खास गरी सन् १९८० को दशकमा आएको आर्थिक उदारीकरणको अवधारणाले बढाएको हो । विकासको प्रमुख संवाहकको रुपमा रहने निजी क्षेत्रले निम्न भूमिकाका माध्यमद्वारा विकास प्रक्रियामा महत्वपूर्ण योगदान पुर्‍याउन सक्दछ :-

Question Bank Nepal

★ राष्ट्को वास्तविक अवस्थासँग मेल खाने किसिमको आर्थिक नीति निर्माणका लागि आवश्यक सल्लाह, सुझाव, पृष्ठपोषण उपलब्ध गराएर ।

★ देशको आर्थिक नीति अनुरुप आफ्ना आर्थिक क्रियाकलापहरू जस्तो उद्योग, व्यावसाय सञ्चालन गरेर ।

★ राज्यको दृष्टिमा नपरेको एवम् राज्यको पहुँचमा नभएको तुलनात्मक लाभका क्षेत्रमा लगानी गरेर ।

★ नाफा आर्जन गर्ने नाममा Business ethics लाई वेवास्ता गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नुको सट्टा Good Business Culture को विकास गरेर ।

★ सार्वजनिक निजी साझेदारीको अवधारणा मार्फत आर्थिक विकासका क्षेत्रहरूमा सरकार सँग सहकार्य गरेर ।

★ विभिन्न सामाजिक कल्याण, वातावरण संरक्षण एवम् सांस्कृतिक प्रवर्द्धन जस्ता कार्यहरूको माध्यमबाट सामाजिक उत्तरदायित्व निर्वाह गरेर ।

★ स्वच्छ प्रतिस्पर्धाका माध्यमद्वारा लागत प्रभावकारी रुपमा गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गरी निर्यात प्रवर्द्धन गरेर ।

★ अन्तर्राष्ट्रिय स्तरमा विकसित ज्ञान, सीप एवम् प्रविधि भित्र्याउन आवश्यक पहल गरेर ।

★ गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन एवम् वितरण गरी उपभोक्ताको हित संरक्षणमा जोड दिएर ।

**विकास प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको भूमिका**

आजको आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणको युगमा राष्ट्र एवम् राष्ट्रभित्रका पक्षहरूको एक्लो प्रयासले मात्र विकास गर्न कठिन भइसकेको वर्तमान समयमा विकास प्रकृयामा अन्तर्राष्ट्रिय समुदायको भूमिकालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ विकासका लागि वित्तीय, भौतिक, प्राविधिक एवम् विशेषज्ञको सहायता उपलब्ध गराएर ।

★ पूर्वाधार विकासका लागि प्रत्यक्ष वैदेशिक लगानी गरेर ।

★ विकासका सफल अभ्यास र प्रयोग सम्बन्धी विषयमा अनुभवहरू साटेर ।

★ विभिन्न क्षमता विकास सम्बन्धी कार्यहरूका माध्यमद्वारा मानव संसाधन विकासमा सघाउ पुऱ्याएर ।

★ वैदेशिक रोजगारीको अवसर प्रदान गरेर ।

★ नवीनतम प्रविधिको विकास र ज्ञानको आदान प्रदान गरेर ।

★ निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय व्यापारका लागि सहजीकरण गरेर ।

अन्त्यमा विकास प्रक्रियालाई सम्पूर्ण हर्ताकर्ता राज्य मात्र हो भन्ने परम्परागत धारणामा आएको परिवर्तन सँगै विकास प्रक्रियामा राज्य बाहेकका क्षेत्रहरूको भूमिकालाई पनि स्वीकार गर्दै निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी क्षेत्र, स्थानीय निकाय एवम् अन्तर्राष्ट्रिय समुदाय जस्ता क्षेत्रहरूको भूमिकामा पनि विस्तार गर्दै आइएको छ । राज्य बाहेकका क्षेत्रहरूलाई राज्यका विकल्प वा प्रतिस्पर्धाका रुपमा नलिई सहयोगी एवम् सहयात्रीका रुपमा लिई माथि उल्लेखित समेतका विभिन्न भूमिकाहरू बहन गर्ने दिशामा विकास प्रक्रियामा राज्य बाहेकका अन्य साझेदारहरूको ध्यान केन्द्रित हुन सके देशमा विकास प्रक्रियाले गति लिन सक्ने कुरामा दुईमत हुन सक्दैन । अझ आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणमा जोड दिने आजको युगमा विकास प्रक्रियामा निजी क्षेत्र एवम् अन्तर्राष्ट्रिय समुदायको भूमिकालाई कुनै पनि हालतमा राज्यले नजर अन्दाज गर्न सक्दैन ।

**(८) विकेन्द्रीकरण भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा विकेन्द्रीकरण नीतिको प्रभावकारी कार्यान्वयनका बाधक तत्वहरू पहिचान गर्दै यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्नुहोस् ।**


**विकेन्द्रीकरणको अर्थ एवं परिभषा**

सामान्य अर्थमा विकेन्द्रीकरण भन्नाले राज्यको शासन गर्ने शक्तिलाई तल्लो निकायले गर्ने गरी निक्षेपण वा विस्तार गर्नुलाई बुझिन्छ । अर्थात् केन्द्रले गर्दै आएको कतिपय काम, कर्तव्य, अधिकार र जवाफदेही स्थानीय स्तरमा पुऱ्याउने प्रक्रिया नै विकेन्द्रीकरण हो ।

केन्द्रिकरण (Centralization) केन्द्रद्वारा नै सबै काम परिचालन गर्ने मान्यता बोक्ने अवधारणा हो भने विकेन्द्रीकरण (Decentralization) केन्द्रद्वारा मात्र सबै काम परिचालन गर्ने नभई कार्यको प्रकृतिका आधारमा केही कार्य केन्द्रद्वारा त केही कार्य स्थानीय तहबाट परिचालन गर्ने मान्यता बोकेको अवधारणा हो । केन्द्रीकरण पूरानो अवधारणा हो भने विकेन्द्रीकरण केन्द्रीकरणका खराबीहरू लाई रोक्न अगाडि आएको नविनतम परिपूरक अवधारणा हो । त्यसैले विकेन्द्रीकरण केन्द्रको विकल्प तथा प्रतिस्पर्धी अवधारणा होइन ।

Question Bank Nepal

राज्यको भौगोलिक विकटता तथा विविधता, आधुनिक राज्यको कार्यमा भएको वृद्धि विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको तीव्र विकास, औद्योगीकीकरणले ल्याएको युगान्तकारी परिवर्तन र नागरिकहरूमा आएको चेतना जस्ता कारणहरुले केन्द्रको परिपूरकको रुपमा शक्ति विकेन्द्रीकरणको अवधारणा अगाडि आएको हो ।





विकेन्द्रीकरणको सिद्धान्त, विभिन्न देशहरूमा भएको प्रयोग, अनुभव तथा व्यवाहारलाई समेत दृष्टिगत गर्दा विकेन्द्रीकरणको सफल कार्यान्वयनका लागि अनिवार्य तत्वहरू देहाय बमोजिम रहेको पाइन्छ :-

- कानूनी पूर्वाधार र राजनीतिक इच्छा शक्ति,
- वित्तीय श्रोत साधन तथा सोको व्यवस्थापन,
- विकेन्द्रीकरण मैत्री संगठनात्मक क्षमता,
- नागरिक सेवा तथा सन्तुष्टि इत्यादि ।

विकेन्द्रीकरणको प्रयोग गर्ने देशहरूले यी तत्वहरूलंई देशको संविधान, ऐन, नियम तथा कार्यकारी निर्णयहरूबाट कार्यान्वयनमा ल्याएको पाइन्छ । नेपालको सन्दर्भमा विकेन्द्रीकरणका विभिन्न पक्षहरूलाई देशको संविधान, ऐन, नियमहरू, विभिन्न योजनाहरू तथा अन्य विभिन्न दस्ताबेजहरूमा समेत उल्लेख गरिएको पाइन्छ ।

**विकेन्द्रीकरण नीति कार्यान्वयनका बाधक तत्वहरू**

नेपालमा विकेन्द्रीकरण नीति कार्यान्वयनमा आएको लामो समय भइसकेता पनि यस नीति अझै पनि प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको पाइँदैन । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा उतार्न विभिन्न तत्वहरुले बाधा पुर्‍याउँदै आएको पाइन्छ । ती प्रमुख बाधक तत्वहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ :-




सरकार/राज्यले नै विकेन्द्रीकरणको नीति पूर्ण रुपमा कार्यान्वयन गर्न प्रारम्भदेखि नै अनिच्छुक भएको पाइन्छ । शक्ति सम्पन्न केन्द्र सरकारले विकेन्द्रीकरणलाई आफ्नो अधिकार खोस्ने अवधारणाको रुपमा लिएको त छैन ? भन्ने भान परेको छ । एकातर्फ २०३९ सालमा ल्याइएका विकेन्द्रीकरण सम्बन्धी ऐन तथा नियमावली पुरानो भएको र समयसापेक्ष संशोधन हुन सकेको पाइदैन भने अर्कोतर्फ २०५५ सालमा ल्याइएको स्थानीय स्वायत्त शासन ऐनको पूर्ण कार्यान्वयन गरिएको छैन । त्यस्तै गरी संविधानसबाट निर्मित र जारी वर्तमान नेपालको संविधान, २०७२ ले देशलाई संघीयतामा लैजादै मुलुकलाई ७ प्रदेशमा विभाजित गरेको छ । तथापि संविधान जारी भएपछि निरन्तर रुपमा भएका आन्दोलनहरुले संघीयतालाई पेचिलो बनाउँदै लगेको छ ।

**विकेन्द्रीकरण नीतिलाई प्रभावकारी कार्यान्वयन गर्ने उपायहरू**

★ सरकारले विकेन्द्रीकरणलाई आफ्नो प्रमुख कार्यसूची बनाई विकेन्द्रीकरण नीति पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

★ स्थानीय स्वायत्त ऐन, २०५५ को पूर्ण कार्यान्वयन गर्ने एवम् पूरानो विकेन्द्रीकरण ऐन, २०३९ र नियमावलीमा परिमार्जन गरी समय सापेक्ष रुपमा लागू गर्ने ।

★ अधिकारको पूर्ण निक्षेपण गरी स्थानीय विकास निर्माणको जिम्मा स्थनीय सकारलाई दिने ।

★ स्थानीय स्वायत्त शासनबारे आम राजनैतिक सहमतिको विकास गर्दै विकेन्द्रीकरण नीति कार्यान्वयनका लागि उच्च स्तरको राजनीतिक र प्रशासनिक इच्छा शक्तिको विकास गर्ने ।

★ देशलाई संक्रमणकालीन अवस्थाबाट मुक्ति दिलाउन यथाशीघ्र संविधानसभाको चुनाव सम्पन्न गरी नयाँ संविधानको निर्माण गर्ने क्रममा संविधानमा नै विकेन्द्रीकरण नीति कार्यान्वयन संयन्त्रको विकास गर्ने ।

QuestionBankNepal

★ विकेन्द्रीकरण योजना र कार्यक्रम बनाई बजेट तथा जनशक्ति जस्ता श्रोत साधनको पर्याप्त व्यवस्था गर्ने ।

★ जनताहरूमा विकेन्द्रीकरण सम्बन्धी ज्ञान एवम् सचेतना बढाउने ।

★ विकेन्द्रीकृत र जनमुखी कर्मचारीतन्त्रको विकास गर्ने ।

★ विकेन्द्रीकरण कार्यान्वयनको जिम्मेवारी पाएका स्थानीय नेताहरूले व्यक्तिगत र दलीय स्वार्थमा भन्दा विकेन्द्रीकरणमा बढी ध्यान दिने ।

★ स्थनीय निकायहरू र तिनमा काम गर्ने पदाधिकारीमा रहेको भ्रष्टाचार निर्मूल गर्ने ।

★ विकेन्द्रीकरणको भावनासँग बाभिएका ऐन नियमहरू खारेज गर्ने ।

★ स्थानीय निकायहरूले निर्वाचन गरी पदाधिकारी व्यवस्था गर्ने आदि ।

अन्त्यमा विश्वमा लोकप्रिय हुँदै गइरहेको विश्वव्यापीकरणको अवधारणाको सकारात्मक प्रभाव बाट ग्रामीण एवम् पिछडिएको क्षेत्रलाई पनि लाभान्वित गराउनका लागि सीमान्तीकृत, तल्लो तथा स्तरमा पनि विकासको लहर चलाउनका लागि स्थानीय जनसहभागिता अपनत्व, स्थानीय श्रोत साधनको पहिचान र परिचालन गर्ने कार्यका लागि विकेन्द्रीकरण अत्यावश्यक औजारको रुपमा रहेको हुन्छ ।

**(९) कस्ता स्रोतलाई प्राकृतिक स्रोत भनिन्छ ? प्राकृतिक स्रोत सम्बन्धी प्रचलित सिद्धान्तहरू के के हुन् ? उल्लेख गर्दै नेपालमा वनजंगल विनासका कारणहरूको सूची बनाउनुहोस् ।**

**प्राकृतिक स्रोतको परिचय**

पृथ्वीमा प्रकृतिबाट उपलब्ध मानव उपयोगी सम्पूर्ण जीवित एवम् निर्जीव वस्तुहरूको समष्टिलाई नै प्राकृतिक श्रोत एवम् सम्पदा भनिन्छ । मानिसहरूलाई गाँस, बास, कपासजस्ता आधारभूत आवश्यकताहरू देखि उसको सभ्यता र समृद्धिको लागि आवश्यकीय सम्पूर्ण वस्तुहरू यिनै प्राकृतिक स्रोत र सम्पदाहरूबाट प्राप्त हुने गर्दछन् । यस पृथ्वीमा उपलब्ध जल, जंगल, जमिन, जडिबुटी, जीवजन्तु, चराचुरुङ्गी, खनिज पदार्थ, वायु, सौर्य शक्ति आदि सबै वस्तुहरू प्राकृतिक स्रोत र सम्पदाभित्र पर्दछन् । यी प्राकृतिक स्रोत र सम्पदाहरू मानव जीवनको निमित्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपले उपयोगमा आइरहकै हुन्छन् भने यस्ता स्रोतहरू पनि पृथ्वीको हरेक कुनाहरूमा कही न कही उपलब्ध भएकै हुन्छन् । तर ती स्रोतहरूलाई चिन्ने, जान्ने उपयोग गर्ने, बजारीकरण गर्ने जस्ता आधारभूत ज्ञान, सीप र प्रविधि जस्ता कुराहरू मानिससँग हुन अत्यन्तै जरुरी छ । मानव सभ्यता र विकासको क्रममा स्थानीय स्तरदेखि राज्य सञ्चालनको तहसम्म उत्तिकै जरुरत एवम् महत्व राख्ने प्राकृतिक स्रोत र सम्पदा नेपाली उखान जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बीडँ सरह हुनु हुँदैन । के कुरा सत्य हो भने चिन्न् र जान्न सके मानव जीवनको निमित्त ल्याउदेखि स्याउसम्म र हिरादेखि किरासम्म सम्पूर्ण चीजबिजहरू त्यतिकै आवश्यक र उपायोगी हुन सक्दछन् । जान्न सकेमा खाडी मुलुकको खनिज तेलको जति महत्व छ, नेपालको जलस्रोतको महत्व पनि त्यो भन्दा घटी नहुने कुरामा दुई मत हुन सक्दैन । प्राकृतिक स्रोत र सम्पदाको संरक्षण, सम्बर्द्धन एवम् दिगो उपयोगका लागि ध्यान पुऱ्याउनु पर्ने कुराहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

★ वनजंगलमा जथाभावी रुपले पस्ने, बोटविरुवा काट्ने, डढेलो लगाउने, फँडानी गर्ने र पशुचरण गर्ने जस्ता क्रियाकलापहरूलाई व्यवस्थित गर्ने,

★ जलाधार क्षेत्रहरूमा बोटविरुवा लगाउँदै भइरहेको जंगल फडानीमा पूर्ण प्रतिबन्ध लगाउने,

★ वनजंगलमा वन्यजन्तु एवम् बोटविरुको तस्करी, चोरी, सिकारी, लिसोपासो, धर्जन, विषदी प्रयोग गर्ने जस्ता तथा खोलानालामा विषदी प्रयोग, करेन्ट हाल्ने, बम पड्काउने जस्ता गैर जिम्मेवारीपूर्ण क्रियाकलापहरू माथि पूर्ण प्रतिबन्ध लगाउने,

★ दुर्लभ वनजन्य बोटविरुवाहरूको अव्यवस्थित संकलनमा प्रतिबन्ध लगाउने,

★ खोलानालाहरूमा जथाभावी रुपले फोहोर फाल्ने र शौचालय बनाउने जस्ता कार्यहरूमा पूर्ण रुपले प्रतिबन्ध लगाउने, खोलानालाहरूमा हिउँदमा कम्तीमा पनि २० प्रतिशत पानी छाडी दिने,

★ भिरालो पाखापखेराहरूमा खनजोत गरी खेतीबाली लगाउने भन्दा फलफूल, औषधि जन्य बोटविरुवा र रुखहरू लगाउने कार्यलाई प्रोत्साहन गर्ने,

★ सडक, विद्युत, जस्ता विकासका पूर्वाधारहरू निर्माण कार्यहरूमा जथाभावी रुपले डाँडापाखा खन्न र वनजंगल विनास गर्न नदिई त्यस्ता कार्यहरूमा माटो बग्न नदिनका लागि आवश्यक संरचनाहरू निर्माण गर्ने वा गर्न लगाउने,

★ उर्वर माटो बग्न नदिन सकेसम्म बारीमा पनि खेतमा झैं आली उठाउने कार्यलाई जोड दिने,

Question Bank Nepal

★ प्राकृतिक स्रोत एवम् सम्पदाको आवश्यकता र महत्वको विषयमा स्थानीय जनतालाई सचेत गराउन सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने,

★ प्राकृतिक स्रोत र सम्पदाको आवश्यक पहिचान, महत्व र संरक्षणको विषयमा ज्ञान दिलाउने उद्देश्यले विद्यार्थीहरूलाई अवलोकन भ्रमण गराउने,

★ प्राकृतिक स्रोत सम्पदाहरूमाथि हानी नोक्सानी पुऱ्याउनेहरूलाई कडा दण्ड सजायको साथै राम्रो कार्य गर्नेलाई उचित सम्मान र पुरस्कारको व्यवस्था स्थानीय स्तरबाटै गर्ने व्यवस्था मिलाउने,

अन्त्यमा प्राकृतिक स्रोत सम्पदाको उपयोग एवं वातावरणशास्त्रको विश्वव्यापी मान्यता के रहको छ भने यस पृथ्वीमा उपलब्ध वनजंगल, जमिन, जडिबुटी, वन्यजन्तु, वायु र सौर्यशक्ति आदि जस्ता प्रकृति प्रदत्त अमूल्य उपहारहरूलाई मानव जातिले यसरी उपयोग गर्नु पर्दछ की ती स्रोत र सम्पदाहरू भोलिका भावी पुस्ताको निम्ति पनि त्यतिकै उपलब्ध हुन सकोस्, जति आज सम्भव भएको छ।

**प्राकृतिक स्रोत सम्वन्धी प्रचलित सिद्धान्तहरू**

मानव सभ्यताका लागि अत्यन्तै उपयोगी मानिने वनजंगल, जलस्रोत, जमीन, खनिज पदार्थ जस्ता प्रकृति प्रदत्त स्रोत-साधनहरूलाई प्राकृतिक स्रोत भनिन्छ। प्राकृतिक स्रोत सम्वन्धी प्रमुख महत्वपूर्ण सिद्धान्तहरू तल प्रस्तुत गरिएको छ –

(१) दिगो विकासको सिद्धान्त (Principle of Sustainable Development)
(२) पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle)
(३) सार्वजनिक न्यायको सिद्धान्त (Public Trust Doctrine)
(४) प्रदूषक देयको सिद्धान्त (Polluter's Pay Principle)
(५) प्राकृतिक स्रोतमाथिको सार्वभौम अधिकारको सिद्धान्त (Principle of Permanent Sovereignty Over Natural Resources)
(६) लाभको समन्यायिक बाँडफाँडको सिद्धान्त (Principle of Equitable Sharing of Benefit)

**नेपालमा वनजंगल विनासका कारणहरू**

"हरियो वन नेपालको धन" भन्ने प्रचलित उक्तिबाट पनि नेपालको वन सम्पदाको महत्वलाई उजागर गर्दछ। मुलुकका लागि वन सम्पदा अत्यन्त महत्वपूर्ण रहँदा रहँदै पनि विभिन्न प्राकृतिक, मानवीय कारणले गर्दा यहाँका वन जंगल तीव्र रुपमा विनास हुँदै गएको पाइन्छ। वनजंगलको संरक्षणका लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गरे पनि आशातित सफलता प्राप्त हुन सकेको पाईदैन। नेपालका वनजंगल विनासका धेरै कारणहरू रहेपनि प्रमुख कारणहरू तल तालिकामा सूचीकृत गरिएको छ –

| नेपालमा वनजंगल विनासका प्रमुख कारणहरू | |
|---|---|
| • प्रभावकारी वृहत् नीति तथा कार्यक्रमको अभाव | • जनचेतनाको कमी तथा राजनैतिक अस्थिरता |
| • तीव्र जनसङ्ख्या वृद्धि तथा सहरीकरण | • इन्धनको महत्वपूर्ण स्रोतको रुपमा प्रयोग |
| • खेतीपाती तथा बसोबासको निमित्त वन फडानी | • वनजन्य उत्पादन काठ दाउरा र जडीबुटी तस्करी |
| • अनियन्त्रित पशुचरण | • औद्योगिक कार्यमा वन पैदावरको प्रयोग |
| • खनिज उर्जा एवं आधुनिक/नविकरणीय उर्जा संकट | • प्राकृतिक कारण (बाढीपैरो/डढेलो) |
| • प्रभावकारी संरक्षणात्मक कार्यक्रमको अभाव | • सुकुम्बासी आदिका नाममा वन क्षेत्र अतिक्रमण गरिनु |
| • राजनीति र तस्करीको गठजोड | • वन संरक्षणमा सशक्तिकरणको अभाव |

अन्त्यमा विभिन्न प्राकृतिक स्रोतहरु मध्ये वन जंगल एक प्रमुख प्राकृतिक स्रोत हो। हाम्रो देश नेपाल यस प्राकृतिक स्रोतको हिसाबले धनी देश मानिन्छ। तथापि पछिल्लो समयमा विकराल बन्दै गएको वन विनासका कारण "हरियो वन नेपालको धन" भन्ने नारा उक्तिमा सीमित हुँदै गएको परिपेक्ष्यमा यसबाट जल, वायु, जमिन समेतमा परेको नकारात्मक प्रभावले गर्दा मानव जीवनमा नै नकारात्मक प्रभाव पार्दै गएको पाइन्छ। त्यसैले नेपालमा वन जंगल विनासका माथि उल्लेखित समेतका कारणहरु समयमै पहिचान गर्दै वन विनास रोक्नु आजको आवश्यकता बनेको छ।

**(१०) वातावरण र विकास बीचको अन्तरसम्बन्ध कस्तो रहेको हुन्छ ? उल्लेख गर्दै यी दुई बीचको अन्तरसम्बन्धलाई प्रभावकारी बनाउने उपायहरू के के हुन सक्दछन् ? आफ्नो विचार व्यक्त गर्नुहोस्।**

**वातावरण र विकास बीचको अन्तरसम्बन्ध**

ब्रहमाण्डमा विद्यमान रहेका सम्पूर्ण जैविक तथा अजैविक तत्वहरू बेग्लाबेग्लै र सर्वाङ्गिण स्वरुपको समग्र नाम नै वातावरण हो, भने सामाजिक, आर्थिक, सांस्कृतिक, मानसिक रुपमा हुने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ। यी दुई वीच एक आपसमा अन्तर सम्बन्ध रहेको हुन्छ। जसलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ –

Question Bank Nepal

★ विकासलाई दिगो, जनमुखी तथा भविष्य केन्द्रित बनाउन वातावरण प्रतिको सजगता एवम् संवेदनशीलता अपरिहार्य हुन्छ ।

★ विकास व्यापक अवधारणा भएकोले यसले आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय पक्षको सन्तुलित एवम् दिगोपन जस्ता विभिन्न पक्षहरूलाई समेटेको हुन्छ ।

★ वातावरणीय हिसाबले अनुकूलन भएमा मात्र विकासले सार्थकता प्राप्त गर्ने हुँदा वातावरण र विकासलाई एक साथ सम्बोधन गर्नुपर्ने हुन्छ ।

★ विकास नीतिले वातावरणीय पक्षहरूलाई आत्मसात गर्दै विकास प्रक्रियालाई दिगो विकासतर्फ डोऱ्याउने हुँदा वातावरण र विकासबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

★ कुनै पनि किसिमको प्रक्रिया वातावरणमै आधारित रहेर वातावरण नै सञ्चालन गरिने हुनाले विकास कार्यले वातावरणमा प्रतिकूल असर पार्नु हुँदैन ।

★ विकास निर्माण कार्यले वातावरणमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका असरहरू पर्ने गर्दछ तसर्थ विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा वातावरणमैत्री तरिकाले सञ्चालन गर्नुपर्दछ ।

★ विकास निर्माणका कार्यहरू गर्दा वातावरणीय पक्षमा ध्यान नदिने हो भने प्राणी जगतकै संरक्षण एवम् हितमा असर पर्ने हुँदा वातावरण र विकासलाई सँगसँगै लैजानु अति आवश्यक छ ।

★ वातावरण र विकास एक अर्काका विरोधी होइनन् । यिनीहरूबीच समन्वय स्थापित गर्न सकिन्छ ।

★ विकास वातावरणसँग अन्तरनिर्भर विषय हो, त्यसैले विकास र वातावरणलाई सन्तुलित रुपमा अगाडि बढाउन सकेमा मात्र दिगो विकास हासिल गर्न सकिन्छ ।

★ वातावरणीय स्रोतको अधिकतम दोहन निरन्तर रुपमा बढ्दै गएमा पृथ्वीका लागि आवश्यक पर्ने सन्तुलित विकास कायम गर्न कठिन हुन्छ । फलतः वातावरणीय पक्षमा ध्यान नदिई गरिएको विकास अल्पायुको हुन्छ ।

★ विकासका लागि वातावरण सन्तुलन पूर्वशर्त भएकोले एक क्षेत्रको विकास गर्दा अर्को क्षेत्रको वातावरणीय अवस्था खलबलिन नदिने तथ्यलाई मध्यनजर राखेर विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

**वातावरणमैत्री विकासका लागि अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासहरू**

★ सन् १९७१ मा संयुक्त राष्ट्र संघले वातावरण र विकासको बारेमा स्वीजरल्याण्डमा एक सेमिनारको आयोजना गरेको ।

★ सन् १९७२ मा स्टकहोममा "मानव तथा वातावरण विषयमा एउटा सम्मेलन" भयो जसमा मानिस, वातावरण र विकास सम्बन्धी घोषणाहरू भएका थिए ।

★ सन् १९७२ मै स्टकहोम सम्मेलन भए लगत्तै राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) को स्थापना भयो र यसैको सक्रियतामा कानूनतः बाध्यकारी हुने तथा नहुने किसिमका विभिन्न वातावरण संरक्षण सम्बन्धी दस्तावेजहरू पारित हुँदै गए ।

★ सन् १९८० मा UNEP द्वारा विश्व संरक्षण रणनीति प्रकाश गरिएको ।

★ सन् १९८३ मा ब्रुटल्याण्ड आयोग गठन गरी सन् १९८७ मा ब्रुटल्याण्ड आयोगले Our Common Future नामक प्रतिवेदन पेश गरेको उक्त प्रतिवेदनले गरिबी निवारण र दिगो विकासलाई एक -अर्कामा अन्योन्याश्रित रहेको पुष्टि गरेको ।

★ सन् १९९२ मा ब्राजिलको राजधानी रियो दि जेनेरियो मा सम्पन्न 'पृथ्वी सम्मेलन (Earth Summit)' ले विश्वव्यापी रुपमा वातावरण संरक्षणका उपायहरूलाई कार्यान्वयन स्तरमा लैजान विभिन्न रणनीतिक कार्यक्रमहरू तय गरेको ।

★ सन् १९९७ मा सन् १९९२ को पृथ्वी सम्मेलन पारित गरेका कार्यक्रमहरूको कार्यान्वयको अवस्थाको समिक्षा गरेको ।

★ सन् २००० मा सहस्राब्दी विकास लक्ष्य जारी गरिएको ।

★ सन् २००२ मा दक्षिण अफ्रिकाको जोहानसवर्गमा सम्पन्न संयुक्त राष्ट्रसंघीय दिगो विकास सम्बन्धी विश्व शिखर सम्मेलनले दिगो विकास कार्यान्वयन योजना पारित गरी विकास र वातावरणबीच सन्तुलनको सार्थक प्रयास गरेको ।

**वातावरणमैत्री विकासका लागि राष्ट्रिय स्तरमा भएका प्रयासहरू**

★ नेपालको संविधान, २०७२ मा राष्ट्रिय हित अनुकूल प्राकृतिक स्रोतको परिचालन गरिने साथै वातावरण

Question Bank Nepal

संरक्षणका लागि राज्यले प्राथमिकता दिने व्यवस्था भएको ।

★ सन् १९९० को दशक पश्चात् विकास कार्यक्रमहरूमा वातावरणीय पक्षलाई पनि सँगसँगै लगेको हाम्रो देशको सन्दर्भमा छैठौं योजनामा पहिलो पटक वातावरण संरक्षण सम्बन्धी प्रावधानहरू समेटिएको ।

★ तेह्रौं आवधिक योजना (२०७०/०७१-२०७२/०७३) मा पनि वातावरण संरक्षण एवम् दिगो विकास सम्बन्धी उद्देश्य र रणनीतिहरू तय भएका ।

★ वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ ले वातावरण संरक्षणका सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेको ।

★ वार्षिक बजेट तयार गर्दा जलवायु अनुकुलन तथा दिगो विकासमा रेखा पुऱ्याउने योजनाहरूमा जोड दिँदै आइएको ।

★ वातावरण प्रभाव मूल्यांकन निर्देशिका, २०५० जारी भई लागू भएको सोही निर्देशिकाको प्रावधान अनुरुप रु. २५ करोड भन्दा बढी रकमको आयोजनाहरू सञ्चालन गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने व्यवस्था गरिएको ।

★ वातावरण संरक्षणका खातिर WWF र IUCN को नेपालमा कार्यालय स्थापना भई कार्य गर्दै आएका साथै विभिन्न किसिमका गैर सरकारी संस्थाहरू समेत परिचालित रहेका ।

★ वातावरण संरक्षण कोष एवम् जैविक विविधता संरक्षण कोषको स्थापना हुनुका साथै सवारी प्रदुषण मापदण्ड तयार भई कार्यान्वयन भइरहेको ।

**वातावरण र विकास बीचको अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने उपायहरू**

★ प्राकृतिक स्रोत साधनहरूको समुचित उपयोग सम्बन्धी नीति तय गरी लागू गर्ने जसले विकास कार्यक्रमहरू वातावरणमैत्री बनाउन सहयोग पुऱ्याउनेछन् ।

★ वातावरण संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय कानूनको कडाइका साथ पालना गर्ने ।

★ जुनसुकै विकास निर्माणका कार्यहरू गर्दा दिगो विकासकोअवधारणालाई अपनाई वातावरणीय स्रोतलाई सम्पत्तिको रुपमा लिनुपर्ने ।

★ विकासात्मक कार्यहरू गर्दा IEEA तथा EIA गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागू गर्ने तथा सो सम्बन्धी अनुगमन, मूल्यांकनलाई सुदृढ पार्ने ।

★ विकासात्मक गतिविधिहरू सञ्चालन गर्ने र वातावरण संरक्षण सँग सम्वद्ध निकायहरूबीच आपसी समन्वय कायम गर्ने ।

★ प्राकृतिक स्रोत साधनको दिगो उपयोग, प्राकृतिक पूँजीको सञ्चय, फाहोरमैलाको उचित व्यवस्थापन जस्ता कुरामा जोड दिने ।

★ दिगो विकास एवम् वातावरण संरक्षण सम्बन्धमा विद्यालय स्तरदेखि नै शिक्षा प्रदान गर्ने ।

★ वातावरणीय ह्रास एवम् प्रदुषणबाट मानव स्वास्थ्यमा पर्न सक्ने असरको बारेमा सचेतना अभिवृद्धि गर्ने ।

★ वनजंगल फडानी गरी बस्ती बसाउने कार्यलाई निरुत्साहन गर्ने साथै प्राकृतिक स्रोत साधन एवम् सम्पदाको संरक्षण गर्ने ।

★ अव्यवस्थित औद्योगिकीकरण एवम् शहरीकरणलाई व्यवस्थित गर्ने साथै प्रत्येक उद्योग धन्दाहरूमा प्रदुषण नियन्त्रणका तरिकाहरू अपनाउने व्यवस्था कडाइका साथ लागू गर्ने ।

★ असन्तुलित विकासको कारणले गर्दा सहरी तथा तराई क्षेत्रमा पर्न गएको जनसंख्याको अत्याधिक चापलाई घटाउन सन्तुलित विकासमा जोड दिने ।

अन्त्यमा वातावरण र विकास एक अर्काका शत्रु नभई परिपूरक हुन् । तसर्थ मानवीय आवश्यकताहरूको पूर्तिका लागि गरिने विकास निर्माणका कार्यहरू प्राकृतिक सन्तुलनमा बाधा पुऱ्याउने किसिमले नभई वातावरण संरक्षण र सन्तुलन कायम गर्नेतर्फ पनि केन्द्रित हुनुपर्दछ । वातावरणीय पक्षलाई ध्यान नदिएर गरेको विकास दिगो र टिकाउ हुँदैन, त्यसैले विकास कार्यक्रमलाई वातावरणसँग सामञ्जस्य हुने गरी सञ्चालन गर्न सकेमा विकास र वातावरण एक अर्काका सहयात्रीको रुपमा रहन सक्नेछन् ।



Question Bank Nepal

# अभ्यास प्रश्न सेट ९ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सामाजिक न्याय भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने उपायहरू बारेमा संक्षिप्त चर्चा गर्नुहोस् ।

(२) सामाजिक परिचालनको आवश्यकता एवम् महत्व माथि प्रकाश पार्दै यस क्षेत्रमा देखिएका समस्याहरू र ती समस्याहरू समाधानका उपायहरू समेत व्यक्त गर्नुहोस् ।

(३) संगठित अपराध भन्नाले के बुझिन्छ ? यसका विशेषताहरू उल्लेख गर्दै संगठित अपराध सिर्जना हुनुका प्रमुख कारणहरू र नियन्त्रणका उपायहरू बुँदागत रुपमा लेख्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) आर्थिक वृद्धि भन्नाले के बुझ्नुहुन्छ ? स्पष्ट पार्दै आर्थिक वृद्धि र आर्थिक विकासमा रहेका मूलभूत भिन्नताहरू औंल्याउनुहोस् ।

(५) नेपालको अर्थतन्त्रमा आर्थिक उदारीकरणले कस्तो प्रभाव पारेको छ ? उल्लेख गर्दै आर्थिक उदारीकरण सम्बन्धी समस्याहरू तथा समस्या समाधानका उपायहरू सुझाउनुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) नेपालमा द्वन्द्व पछिको पुनःनिर्माण र विकासका प्रयासमा रहेका कमजोरी एवं द्वन्द्व रुपान्तरणका चूनौतिहरू औंल्याउँदै द्वन्द्व संवेदनशील, विकास सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(७) विश्वव्यापीकरण भन्नाले के बुझ्नुहुन्छ ? यसका सकारात्मक र नकारात्मक पक्षहरू उल्लेख गर्दै हाम्रो अर्थतन्त्रलाई विश्वव्यापीकरणको दुष्प्रभावबाट जोगाउन हामीले अवलम्बन नगरी नहुने उपायहरू के के हुन् ? स्पष्ट गर्नुहोस् ।

(८) विकासमा नागरिक संलग्नताबारे स्पष्ट पार्दै नेपालको विकासमा नागरिक संलग्नतामा देखिएका समस्या एवम् समस्या समाधानका उपायहरू बारेमा चर्चा गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) हरित अर्थतन्त्र (Green Economy) भन्नाले केलाई बुझाउँछ ? वातावरणमैत्री विकासका लागि भएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयासहरू उल्लेख गर्नुहोस् ।

(१०) फोहोरमैलाको परिचय दिँदै यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ? नेपालको कानुनी व्यवस्था समेतको आधारमा स्पष्ट पार्नुहोस् ।

## समाधान

**(१) सामाजिक न्याय भन्नाले के बुझिन्छ ? उल्लेख गर्दै सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने उपायहरू बारेमा संक्षिप्त चर्चा गर्नुहोस् ।**

### सामाजिक न्यायको अर्थ एवं परिचय

न्याय प्रत्येक सभ्य समाजको लागि अत्यावश्यक सामाजिक व्यवस्था हो । अन्यायको विपरितार्थ शब्द अर्थात् स्वच्छ व्यवहारको अवलम्बन गरी यथाशक्य सही निष्कर्षमा पुग्ने प्रक्रिया नै न्याय हो । न्यायलाई कानून भन्दा पनि पुरानो जटिल र गतिशील विषयको रुपमा लिइन्छ । न्याय मुख्यत दुई स्वरुपको हुन्छ, पहिलो वितरणात्मक न्याय र दोस्रो सुधारात्मक न्याय ।

**Social Justice** - S- substantial equality/ social scale, O - Opportunity for all, C - Coherent distributive, I – Identity, A – Access, L - Life standard /Liability equally, J- Just society/ Just share of the benefits, U- Uplift to weaker, S-Social security, T-Treatment fairly but preference for vulnerable, I- Inclusion, C- Compensation/ correction of past injustice, E - Equity/ Empowerment /Eradicate discrimination.

सामाजिक न्याय वितरणात्मक न्यायको विधि वा प्रक्रिया हो । अर्थात् समाजमा बसोबास गर्ने नागरिकहरू बीच कायम रहेको आर्थिक र सामाजिक असमानता हटाई उपलब्ध स्रोत तथा साधनहरू एवं लाभ र हानीको समान हिस्सेदार गराई न्यायपूर्ण सामाजिक व्यवस्था स्थापनार्थ समान अवसर प्रदान गर्न राज्यद्वारा चालिने क्रियाकलाप नै सामाजिक न्याय (Social Justic) हो । यसले उपलब्ध स्रोत साधन र आर्थिक उपलब्धि सीमित व्यक्तिमा केन्द्रीत रहन नदिई निमुखा र विपन्न वर्गमा पुग्नेगरी न्यायोचित वितरणमा जोड दिन्छ ।

समकालिन राज्य प्रणालीको गन्तव्य नै सामाजिक न्याय कायम गर्नु भएकाले आर्थिक, सामाजिक, सांस्कृतिक

Question Bank Nepal


विषमता भित्र वास्तविक र पहुँचयोग्य प्राकृतिक समानता उन्मुख विकासमा जोड दिनुपर्ने आजको अपरिहार्यता हो भन्न सकिन्छ । सामाजिक न्यायका लागि समान्यत निम्न लिखित तत्वहरू आवश्यक पर्ने देखिन्छ ।

- निष्पक्ष आधारभूत सामाजिक संरचनाको निर्माण,
- स्वस्थ्य सामाजिक सम्बन्धको स्थापना,
- मानवअधिकार, समानता, सामाजिक विश्वास,
- फाइदा तथा वेफाइदा (हित/हानी) को निष्पक्ष वितरण,
- निर्णय निर्माण प्रक्रियामा सबैको सहभागिता,
- सूचना, सार्वजनिक सेवा र स्रोत साधनमा समान पहुँच ।

अन्त्यमा सामाजिक न्यायलाई व्यक्ति एवं समूहका बीच समाजमा उपलब्ध साधन स्रोत एवं लाभ हानीको समान हिस्सा वितरण गर्ने व्यवस्था मिलाइएको न्यायपूर्ण समाजको परिकल्पनामा आधारित रहेको सामाजिक व्यवस्थापनको रुपमा बुझ्न सकिन्छ । यसको मूल लक्ष्य राष्ट्र निर्माणकै अभियानमा सम्पूर्ण वर्ग, क्षेत्र र समुदायका नागरिकलाई मूलप्रवाहीकरण गर्ने रहेको हुन्छ ।

**सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने उपायहरू**

सामाजिक न्यायको मुलभूत उद्देश्य समान र समतामूलक समाज स्थापनार्थ जात, जाति, धर्म, भाषा, लिङ्ग, क्षेत्र, वैचारिक आस्था, सामाजिक उत्पत्ति आदिका आधारमा गरिने भेदभावबाट नागरिकलाई मुक्त गरी उनीहरूलाई आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक समानताको स्थितिमा पुऱ्याउनु हो । सामाजिक न्याय प्रदान गर्ने सम्बन्धमा देहायका उपायहरू अवलम्बन गर्ने गरिन्छ –




(क) **समतामा आधारित समानता (Equality)** - समतामा आधारित समानता भनेको सकारात्मक विभेद सहितको समानता हो । समानता बिना सामाजिक न्यायको परिकल्पना गर्न सकिदैन, भने समानता विना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन । समानता प्रत्येक व्यक्ति, समाज र राष्ट्रको लक्ष्य हो । त्यसैले समानता सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने प्रमुख उपायको रुपमा रहेको हुन्छ ।

(ख) **अविभेद (Non-discrimination)** - सामान्य अर्थमा अविभेद भन्नाले नागरिककाबीच कुनै पनि आधारमा भेदभाव गर्न नपाइने व्यवस्थालाई बुझिन्छ । समान र समतामूलक समाज स्थापनार्थ अविभेद पनि महत्वपूर्ण हुने हुनाले यसलाई पनि सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने एक महत्वपूर्ण उपायका रुपमा लिने गरिन्छ ।

(ग) **समावेशीकरण (Inclusion)** - मुलुकमा विद्यमान अवसर र पहुंचको अन्तराललाई कम गर्दै राष्ट्रको मूलधारमा समावेश हुन नसकी बंचिति /वहिष्करण मा परेका संमूह र सुविधा सम्पन्न समूह बीचको असमानता घटाउदै हरेक व्यक्ति, समूह वा जातिको स्वाभिमान र उनीहरूको आफ्नै विशिष्टताको सम्मान गर्दै भौतिक तथा सांवेगिक आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नु नै समावेशीकरण हो । बहिष्करण (Exclusion) विरुद्ध लड्ने एउटा रणनीतिको रुपमा अगाडी आएको समावेशीकरणको अवधारणालाई पनि सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने एक महत्वपूर्ण उपायका रुपमा लिने गरिन्छ ।

(घ) **विशेष संरक्षण (Special protection)** - सामाजिक न्याय प्रदान गर्न अवलम्बन गरिने अर्को महत्वपूर्ण उपायको रुपमा विशेष संरक्षणको व्यवस्थालाई पनि लिने गरिन्छ । विशेष संरक्षण भन्नाले सामाजिक बनोटका आधारमा देखा पर्ने विशिष्ट परिस्थितिमा रहेका वर्ग वा समुदायलाई संरक्षण, सशक्तिकरण र विकासका लागि सारवान समानतामा आधारित संरक्षणको प्रक्रियालाई बुझिन्छ । विशेष संरक्षणका उपाय अन्तर्गत मुलत : सकारात्मक विभेद (Positive discrimination), आरक्षण (Reservation) लाई प्रमुख मानिन्छ ।

(ङ) **सामाजिक सुरक्षा (Social security)** - सामाजिक सुरक्षाको व्यवस्था भन्नाले बेरोजगार वा वृद्धावस्था, अशक्तता, अपाङ्गता, असहाय जस्ता विषम परिस्थितिका नागरिकलाई गाँस, बास, लत्ता कपडा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत कुराहरूमा पहुँच निश्चित गराउने व्यवस्थालाई बुझिन्छ । सामाजिक सुरक्षा पनि

Question Bank Nepal

सामाजिक न्याय प्रदान गर्न राज्यद्वारा अपनाइने एक महत्वपूर्ण उपायको रुपमा रहेको हुन्छ ।

अन्त्यमा, समाजिक न्याय प्रदान गर्न अवलम्ब्न गरिने माथि उल्लेखित मूलभूत उपायहरूका अलावा सकारात्मक विभेद, आरक्षण, वितरण/पुर्नविरण, सशक्तिकरण तथा न्यायिक भूमिकालाई पनि महत्वपूर्ण उपायको रुपमा लिन सकिन्छ ।

**(२) सामाजिक परिचालनको आवश्यकता एवम् महत्वमाथि प्रकाश पार्दै यस क्षेत्रमा देखिएका समस्याहरू र ती समस्याहरू समाधानका उपायहरू समेत व्यक्त गर्नुहोस् ।**

**सामाजिक परिचालनको आवश्यकता एवं महत्व**

समाज एवम् राष्ट्रको विकासका लागि समाजका सदस्य हरुलाई आफ्नो योगदान प्रति सचेत बनाउनु र विकास कार्यमा संलग्न भई त्यसबाट सिर्जना हुने लाभ समेत लिन सक्ने गरी सशक्तिकरण गर्ने प्रक्रिया नै समग्रमा सामाजिक परिचालन (social mobilization) हो । सामाजिक परिचालनको आवश्यकता एवं महत्वलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :–

★ जनताका वास्तविक आवश्यकताहरू पहिचान गरी सोही अनुरुपका विकास गतिविधिंहरू सञ्चालनका माध्यमबाट विकासप्रतिको जनताको अपनत्वमा वृद्धि गर्दै दिगो एवम् प्रभावकारी विकास गर्न ।
★ विकासका लागि आवश्यक स्रोतसाधन जुटाउन तथा प्रयोग गर्न ।
★ सामाजिक रूपान्तरण र परिवर्तनका माध्यमबाट सामाजिक सद्भाव र सहकार्यको वातावरणको निर्माण गर्न ।
★ दुरुपयोग नियन्त्रण तथा पारदर्शिता प्रवर्द्धनका माध्यमबाट विकासप्रतिको सामूहिक भावनालाई उजागर गर्ने ।
★ जनताको सम्भाव्य क्षमतालाई उनीहरूको सहयोगका लागि उपयोग गर्न ।
★ समुदायमा आवश्यक स्रोतसाधनहरूको प्रवाह तथा सुरक्षाको बन्दोबस्त गर्न ।
★ सामाजिक द्वन्द्वलाई कम गर्न ।
★ नागरिक समाजको सशक्तिकरण गरी जनअधिकार स्थापित गर्न ।
★ सरकार तथा जनताबीच सुमधुर सम्बन्धको विकास गर्न ।

**नेपालमा सामाजिक परिचालनको क्षेत्रमा देखिएका समस्याहरू**

★ विकास आयोजना/ योजनाहरूको तर्जुमा स्थानीय स्तर को माग अनुरुप तर्जुमा र कार्यान्वयन गरिनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता रहेको भएता पनि यस्ता योजनाको छनौट केन्द्रबाट हुने हुँदा विकास क्रियाकलापमा जनसहभागिता जुटाउन नसकिएको ।
★ सामाजिक विविधताले गर्दा भिन्न विचार र शक्ति भएका सामाजिक समूहरूबीच आपसी द्वन्द्व र आफ्नो समूहका स्वार्थ मात्र पूरा गराउन खोज्ने प्रवृत्ति हावी रहनु ।
★ सशक्तिकरण र समावेशी सिद्धान्तको नाममा आफूले परिचालन गर्नुपर्ने समाजका बारेमा नै राम्ररी नबुझेका व्यक्तिहरूलाई स्थानीय सामाजिक परिचालक बनाउने क्रम बढ्दो रुपमा रहेको ।
★ विकास निर्माणमा जनसहभागिताका नाममा कमजोर वर्गले श्रम मात्र गरिरहने र सोको लाभ समाजका टाठाबाठा एवम् संभ्रान्त वर्गले उठाउने प्रवृत्ति विद्यमान रहनु ।
★ समयअनुसार परिवर्तन भइरहने समुदायका उद्देश्य र चाहनाहरूलाई परम्परागत सोंचबाट व्यवस्थापन गरिने परियोजना प्रणालीलले सम्बोधन गर्न नसक्नु ।
★ सामाजिक, सांस्कृतिक एवम् धार्मिक विविधतालाई नजरअन्दाज गरी सामाजिक परिचालनका प्रयासहरू गरिनु ।
★ प्रायजसो विकास परियोजनाहरूमा जसको स्रोत उसैको सौँचले काम गरिरहेको हुनाले विदेशी सहयोगमा संचालित आयोजनाहरूमा निर्णायक तहमा सामाजिक परिचालन गर्न नसकिएको जसले गर्दा विदेशी स्रोत राष्ट्रको हितमा प्रयोग हुन नसकेको ।
★ अपर्याप्त संचारले गर्दा परियोजनाहरू पारदर्शी हुन नसकी भ्रष्टाचार र विकृति बढ्नु ।
★ अस्थिर राजनीतिका कारण सामाजिक परिचालनको जिम्मेवारी पाएका परियोजनाहरू नै परनिर्भरताको छहारीमा बसेर आत्मनिर्भरता र दिगोपनको कुरा गरिरहनुपर्ने परिस्थिति आदि ।

**समस्या समाधानका उपायहरू**

★ विकास आयोजनाहरूको छनौटमा सरोकारवाला पक्षको पूर्ण संलग्नता कायम गराई उनीहरूकै आवश्यकता एवम् माग अनुरुपका आयोजना छनौट गर्नुपर्दछ ।
★ जनताको वृहत सहभागितामा सामाजिक परिचालनको दीर्घकालीन राष्ट्रिय सौँचको निर्माण गरी त्यही सोचको आधारमा सामाजिक परिचालन सञ्चालन गरिनु पर्दछ ।
★ विदेशी पूँजी एवम् प्रविधिकै मुख ताक्ने भन्दा पनि स्थानीय सीप, साधन र स्थानीय प्रविधि प्रयोग हुनसक्ने गरी विकास आयोजनाहरू सञ्चालन गर्नुपर्दछ ।

Question Bank Nepal

★ विकास आयोजनाहरूको तर्जुमा देखि कार्यान्वयनका हरेक चरणहरूमा स्थानीय निकायलाई परिचालन गरिनुपर्दछ।

★ समाजका सबैखाले परिचालकहरूको परिचालन, उनीहरूबीचको सहकार्य प्रवर्द्धन र अन्तरविरोधहरूको व्यवस्थापनमा सहयोग गर्नुपर्दछ।

★ विकास आयोजनाहरूको अनुगमन, मूल्याङ्कन एवम् प्रतिफल उपयोगमा जनताहरूको उचित प्रतिनिधित्व हुन आवश्यक छ।

★ सामुदायिक सहभागिताबाटै सामाजिक परिचालन, विकासको पद्धति, विधि, सिद्धान्त निर्माण गर्नुपर्दछ।

★ जनतामा चेतनाको विकास नभएसम्म विकासमा जनताको अर्थपूर्ण सहभागिता हुन सक्दैन त्यसैले शिक्षा र जनचेतनाको माध्यमबाट जनतालाई सशक्तिकरण गरी विकास जनताको अधिकार हो भन्ने मान्यता स्थापित गर्नुपर्दछ।

★ प्राविधिक ज्ञानसहितका नेता, राजनीतिक चेतसहितका सामाजिक परिचालकहरू निर्माण गर्दै परिचालनमा संलग्न गराउनुपर्दछ।

★ सार्वजनिक सुनुवाईको व्यवस्थाका माध्यमबाट आयोजनाका कामकारवांहीलाई पारदर्शी बनाउनुको साथै जन लेखापरीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

★ राजनीतिक स्वार्थमा विकास योजनाको छनौट गर्ने प्रवृत्तिलाई पूर्ण रुपमा अन्त्य गरिनुपर्ने।

★ सामाजिक परिचालनका सन्दर्भमा स्पष्ट तथा स्थिर र सरकारी नीतिहरूको तर्जुमा गरिनुपर्ने।

अन्त्यमा कुनैपनि देशको समृद्धि, रूपान्तरण, सन्तुलित एवम् दिगो विकास र स्थायी शान्तिका लागि सामाजिक परिचालन अति नै आवश्यक हुन्छ। तसर्थ देश संक्रमणकालमा रहेको वर्तमान परिप्रेक्ष्यमा राष्ट्रिय अखण्डता एवम् अस्तित्वमा खतरा आउन नदिनका लागि समेत फराकिलो दायरा, नयाँ भूमिका र पद्धति सहितको सामाजिक परिचालन आजको हाम्रो आवश्यकता हो।

**(३) संगठित अपराध भन्नाले के बुझिन्छ ? यसका विशेषताहरू उल्लेख गर्दै संगठित अपराध सिर्जना हुनुका प्रमुख कारणहरू र नियन्त्रणका उपायहरू बुँदागत रुपमा लेख्नुहोस्।**

### संगठित अपराध (Organized Crime)

संगठित अपराध भन्नाले सामान्य अर्थमा दुई वा सोभन्दा बढी व्यक्तिहरूद्वारा संगठित रुपमा '/संगठित भएर बहु क्षेत्रमा गरिने गम्भिर प्रकृतिको अपराध लाई बुझिन्छ। संगठित अपराध व्यावसायिक रुपमा गरिने अपराध हो जुन वर्गीय क्षेत्रीय प्रकृतिको, सूचना प्रविधिको अत्याधिक प्रयोग भएको, पहिचान गर्न कठिन र बहुभाषिक अनुसन्धान आवश्यक पर्ने किसिमको हुन्छ साथै यसको प्रभाव अन्य अपराधको तुलनामा गम्भिर र व्यापक हुन्छ।

फौजदारी अपराधको Post-modern concept को रुपमा लिइने संगठित अपराधलाई पहिले पहिले चीनमा Bandits, दक्षिण युरोपमा Brigamds र अमेरिकामा Smuggle g भन्ने गरेको पाइन्छ भने वर्तमानमा संगठित अपराध सबैभन्दा प्रचलित नाम भएपनि यसलाई Planned crime, Gang crime, Professional crime, Criminal crime, Underworld crime, Private government of the criminals भन्ने समेत गरेको पाइन्छ।

संगठित अपराध छुट्टै स्वतन्त्र किसिमको अपराध होइन, किनभने कुनै पनि अपराधजन्य कार्य त्यस कार्यको प्रकृति एवम् गाम्भीर्यताका आधारमा संगठित अपराध अन्तर्गत पर्न वा नपर्न सक्छ। उदाहरणको रुपमा चोरी अपराधलाई लिन सकिन्छ किनकी कुनै चोरी अपराध त्यसको प्रकृति एवम् गाम्भीर्यताको आधारमा संगठित अपराध अन्तर्गत पर्न सक्दछ भने कुनै चोरी अपराध संगठित अपराध भित्र नपर्न पनि सक्दछ।

संगठित अपराध सम्बन्धी संयुक्त राष्टसंघीय महासन्धि, २००० अनुसार संगठित अपराध –"A group having at least three memember taking some action in concert Together or in some coordinated manan... for the purpose of commiting a se... crime and for the purpose of obtaining a final... or other benefits"

हाम्रो संगठित अपराध निवारण ऐन, २०७० को दफा २ (क) ले 'संगठित अपराध' भन्नाले परिच्छेद २ बमोजिमको अपराध बुझ्नुपर्छ। भनी संगठित अपराधको स्पष्ट र सहज रुपमा बुझ्न सकिने गरी परिभाषा गरेको पाइदैन। तथापि उक्त ऐनले आपराधिक समूहको स्थापना, न्यायिक कारबाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ लिने कार्य, आतंकवादी क्रियाकलाप, भ्रष्टाचार, सम्पत्ति

Question Bank Nepal

शुद्धीकरण आदि गम्भीर किसिमको अपराधलाई संगठित अपराधको श्रेणीमा राखेको पाइन्छ ।

अन्त्यमा, संगठित अपराध राज्यको सीमा समेत नाँघेर व्यावसायिक रुपमा अपराधीहरूको समूहद्वारा लाभको उद्देश्यले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा घटाउने गम्भिर किसिमको गैरकानूनी कार्य हो । यस अपराधले अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा, मानव अधिकारको संरक्षण तथा फौजदारी न्याय प्रणाली सुचारु रुपमा सञ्चालनमा बाधा व्यवधान खडा गर्ने गर्दछ ।

**संगठित अपराधका विशेषताहरू**

दुई वा सोभन्दा बढी व्यक्तिहरूको संगठित समूहले वित्तीय वा अन्य वस्तुगत फाइदा वा लाभका लागि गर्ने अपराधलाई नै संगठित अपराध भनिन्छ । अन्य अपराध भन्दा यस संगठित अपराधका विशेषताहरू फरक हुन्छन् । संगठित अपराधका मूलभूत विशेषतालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

- ★ विशिष्टकृत अपराधीहरूको जमात/संगठन,
- ★ तिनको संरक्षक र सहयोगीहरूको व्यवस्था,
- ★ निरन्तर गरिने व्यावसायिक अपराध,
- ★ लाभको उद्देश्य राखेर गरिने अपराध,
- ★ उच्च संगठित र अनुशासित संस्थाहरू,
- ★ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चरित्रको अपराध,
- ★ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरिने अपराध,
- ★ केन्द्रीकृत संगठन एवं संगठनमा श्रेणीबद्ध व्यवस्था,
- ★ गैरकानूनी धन्दा एवं गैरकानूनी दबाबको प्रयोग,
- ★ संगठनमा उच्च गोपनियता कायम,
- ★ राज्यका उच्चपदस्थ व्यक्तिबाट अप्रत्यक्ष रुपमा संरक्षण,
- ★ अराजनीतिक प्रकृतिको फौजदारी अपराध आदि ।

**Eleven Characteristics of organised crime** - Team work, Hierarchical structure, Planning, Centralised authority, Reserved fund, Specialisation, Division of labour, Violence, Monopoly, Protective measures & Conduct norms

**संगठित अपराध सिर्जना हुनुका प्रमुख कारणहरू**

संगठित अपराध अन्तर्राष्ट्रिय प्रकृतिको अपराध भएकोले यस अपराध घट्नुमा स्थानीय देखि विश्वव्यापी कारणहरू रहेका हुन्छन् । ती मध्ये प्रमुख कारणहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

- ▫ सशक्त एवं प्रभावकारी कानून व्यवस्थाको अभाव,
- ▫ कमजोर र त्रुटिपूर्ण न्याय प्रणाली,
- ▫ गरिबी र बेरोजगारीको समस्या,
- ▫ राजनीति र अपराधीक गठबन्धन,
- ▫ धन नै सामाजिक प्रतिष्ठा कमाउने साधन,
- ▫ संस्थागत भ्रष्टाचार र कमिशनतन्त्र,
- ▫ गिर्दो सामाजिक मूल्य मान्यता र नैतिकता,
- ▫ गलत तथा अव्यवहारिक शिक्षा प्रणाली,
- ▫ अलोकतान्त्रिक राज्य संयन्त्र,
- ▫ कमजोर अनुसन्धान तहकीकात पद्दति,
- ▫ समाजप्रतिको अनुत्तरदायीपन,
- ▫ अन्तर्राष्ट्रिय स्तरमा समन्वयको कमी आदि ।

**संगठित अपराध नियन्त्रणका उपायहरू :**

अन्तर्राष्ट्रिय अपराधको रुपमा रहेको संगठित अपराधले आजको विश्वलाई आक्रान्त पारिहेको पाइन्छ । त्यसैले यस अपराध नियन्त्रणका लागि संयुक्त राष्ट्रसंघकै पहलमा विभिन्न महासन्धीहरूको तर्जुमा गरी लागू समेत गरेको पाइन्छ । यस अपराधको नियन्त्रणका लागि अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) पनि लागि रहेको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दुवै चरित्रको यस अपराध नियन्त्रणका लागि यस्तो अपराध सिर्जना हुनुका कारणहरू पहिचान गर्दै देहायबमोजिमको उपायहरू अपनाउन पर्ने देखिन्छ :-

१. न्याय प्रणालीमा सुधार (Reform on Legal System)
२. रोजगार प्रवर्द्धन (Employment Promotion)
३. गरिबी निवारण (Poverty Reduction)
४. राजनीतिमा शुद्धीकरण (Purification on Politics)
५. भ्रष्टाचार र कमिसनतन्त्रको निमूलीकरण (Elimitation of Corruption and Commissoncracy)
६. मूल्य मान्यता र नैतिकतामा अभिवृद्धि (Enhancement on norms, value and morality)
७. लोकतन्त्रको सबलीकरण (Strengthening to democracy)
८. असल शिक्षा प्रणाली (Good Education System)
९. अपराधीलाई सामाजिक बहिष्कार (Social avoidness to Criminal)
१०. सामाजिक उत्तरदायित्व (Social Responsibility)
११. प्रभावकारी अनुसन्धान पद्दति (Effective Investigation System)
१२. अन्तर्राष्ट्रिय सहयोग (International Co-operation)

Question Bank Nepal

अन्त्यमा, संगठित अपराध अत्यन्तै दक्ष व्यावसायिक अपराधीहरूको समूहद्वारा योजनाबद्ध रुपमा गरिने भएकोले यो जटिल किसिमको अपराध हो । यस अपराधलाई देश, काल, परिस्थिति अनुसार फरक फरक रुपमा व्याख्या विवेचना गर्ने गरिएको पाइन्छ । औपचारिक संगठनमा जस्तै यस अपराधका पनि विभिन्न विशेषताहरू हुन्छन् । यस अपराध घट्नुमा स्थानीय देखि विश्वव्यापी कारणहरू जिम्मेवार रहेका हुन्छन् । त्यसैले यस अपराध नियन्त्रणका लागि बहु-आयामिक उपायका अपनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत् दृढताका साथ लाग्नु पर्ने आजको आवश्यकता हो ।

**(४) आर्थिक वृद्धि भन्नाले के बुझ्नुहुन्छ ? स्पष्ट पार्दै आर्थिक वृद्धि र आर्थिक विकासमा रहेका मूलभूत भिन्नताहरू औल्याउनुहोस् ।**

**आर्थिक वृद्धि (Economic Growth)**

आर्थिक वृद्धि सन् १९५०-७० सम्म विकासको प्रमुख सुचकका रुपमा रहेको विकास सम्बन्धि अवधारणा हो । देशमा हुने समग्र आर्थिक गतिविधिबाट भएको सकारात्मक परिवर्तन नै आर्थिक वृद्धि हो । आर्थिक वृद्धिले कुनै पनि मुलुकको प्रतिव्यक्ति सम्पूर्ण घरेलु उत्पादन (GDP) मा भएको वृद्धिलाई बुझाउँछ । अर्थात् यसले मुलुकमा उत्पादित वस्तु तथा सेवाहरूको परिणामलाई बताउँछ । Economic growth शव्द मूलतः विकसित देशहरूको सन्दर्भमा प्रयोगमा आउने गरेको पाईन्छ ।

आर्थिक वृद्धि एक परिमाणात्मक अवधारणा हो जसले अर्थतन्त्रमा विविध पक्षहरू जस्तो कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन, अर्थतन्त्रमा कृषिको योगदान, उद्योग, पर्यटन एवम् व्यापार क्षेत्रको योगदान एवम् प्रतिव्यक्ति आयमा कति बढोत्तरी भयो भनेर हेर्दछ ।

आर्थिक वृद्धि बिना समग्र विकास प्रक्रिया सञ्चालन हुन गाह्रो हुने भएकोले आर्थिक वृद्धि विकासको पूर्वाधार पनि हो, तथापी अर्थतन्त्रको परिमाणात्मक वृद्धि हुँदैमा विकास हुन्छ नै भन्ने हुँदैन । समग्रमा भन्दा आर्थिक वृद्धिले निम्न पक्षहरूमा भएको परिमाणत्मक वृद्धिलाई बुझाउँदछ ।

- वस्तु तथा सेवाको उत्पादनमा वृद्धि (GDP & GNP मा वृद्धि),
- आन्तरिक एवं बैदेशिक लागनीमा वृद्धि,
- उद्योग, व्यापार एवम् पर्यटन व्यवसायमा वृद्धि,
- रोजगारी एवम् आय तथा उपभोग र बचतमा वृद्धि,
- व्यापार नाफामा भएको वृद्धि,
- प्रतिव्यक्ति आयमा भएको वृद्धि ।

आर्थिक वृद्धिको मापन कुल गार्हस्थ उत्पादन (GDP) र कुल राष्ट्रिय उत्पादन (GNP) विधि गरी मूलतः दुई विधिबाट गर्ने गरिन्छ । अर्थतन्त्रलाई गति प्रदान गरी विकासको लागि आधार तयार गर्ने माध्यमको रुपमा रहेको आर्थिक वृद्धि स्वतः प्राप्त हुने भने होइन यसका लागि राजनीतिक एवम् आर्थिक नीतिमा स्थिरता, शान्ति, सुव्यवस्था एवम् लगानीको लागि सुरक्षित वातावरण तथा खुला एवम् उदारवादी अर्थव्यवस्थाको आवश्यकता पर्दछ ।

**आर्थिक वृद्धि र आर्थिक विकासबीच फरक**

झट्ट सुन्दा तथा (सर्वसाधारण) सामान्य मानिसको बुझाइमा आर्थिक वृद्धि र आर्थिक विकास उस्तै जस्तो लागेता पनि यी दुई फरक अवधारणाहरू हुन् तथापि यिनीहरू एक आपसमा अन्तरसम्बन्धित भने नभएका होइनन् । आर्थिक वृद्धि र आर्थिक विकासमा भएका मुख्य मुख्य भिन्नताहरूलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

| आर्थिक वृद्धि | आर्थिक विकास |
|---|---|
| आर्थिक वृद्धिको सम्बन्ध उत्पादनसँग हुन्छ र यो परिमाणात्मक हुन्छ । | आर्थिक विकासको सम्बन्ध उत्पादकत्व सँग हुन्छ अर्थात् यो गुणात्मक हुन्छ । |
| आर्थिक वृद्धिले आम्दानी बढेको अवस्थालाई बुझाउँछ । | आर्थिक विकासले बढेको आम्दानीबाट जीवनस्तरमा आएको सकारात्मक परिवर्तनलाई जनाउँछ । |
| आर्थिक वृद्धिका लागि आर्थिक विकास अनिवार्य हुँदैन । | आर्थिक वृद्धि आर्थिक विकासको पूर्वशर्त वा पूर्वाधार हो । |
| आर्थिक वृद्धि परिमाणात्मक हुनाले मापन गर्न सजिलो हुन्छ । | आर्थिक विकास गुणात्मक एवम् बहुआयामिक हुनाले मापन गर्न कठिन हुन्छ । |
| आर्थिक वृद्धि विश्वका धनी तथा गरिब सबै खाले देशहरूसँग अझ बढी विकसित देशहरूसँग सम्बन्धित छ । | आर्थिक विकास तुलनात्मक रुपमा कम विकसित एवम् अविकसित देशसँग सम्बन्धित छ । |
| आर्थिक वृद्धिले उत्पादनमा जोड दिन्छ । | आर्थिक विकासले उत्पादन/प्रतिफलको समन्यायिक वितरणमा जोड दिन्छ । |
| देशको GDP, GNP तथा प्रतिव्यक्ति आय (PCI) वृद्धिदर आर्थिक वृद्धिका सूचक हुन् । | मानव विकास सूचकांक (HDI), लैङ्गिक विकास सूचकांक (GDI), मानव गरिबी सूचकांक (HPI), मृत्युदर (शिशु, मातृ) आदि आर्थिक विकासका सूचक हुन् । |
| आर्थिक वृद्धि छोटो समयमै हासिल गर्न सकिन्छ । | आर्थिक विकास दीर्घकालमा मात्र प्राप्त हुन सक्दछ । |
| आर्थिक वृद्धि विकासको लागि साधन हो । | आर्थिक विकास विकासको लक्ष्य (Ends of Development) हो । |
| यसले विकसित मुलुकसँग सम्बन्ध राख्छ । | यसले अविकसित एवम् विकासशील मुलुकसँग सम्बन्ध राख्दछ । |

Question Bank Nepal

**(५) नेपालको अर्थतन्त्रमा आर्थिक उदारीकरणले कस्तो प्रभाव पारेको छ ? उल्लेख गर्दै आर्थिक उदारीकरण सम्बन्धी समस्याहरू तथा समस्या समाधानका उपायहरू सुझाउनुहोस् ।**

### नेपालको अर्थतन्त्रमा आर्थिक उदारीकरणको प्रभाव

वर्तमान परिवेशमा विकसित तथा विकासोन्मुख दुवै खाले अर्थतन्त्रका लागि परिस्थितिजन्य बाध्यताको रूपमा रहेको आर्थिक उदारीकरण नेपालमा २०४० को दशकदेखि शुरुवात गरिएको हो । आर्थिक उदारीकरण बाट नेपालको अर्थतन्त्रमा देहायबमोजिमको सकारात्मक र नकारात्मक प्रभाव पारेको देख्न सकिन्छ :-

### सकारात्मक प्रभाव

★ निजी क्षेत्रले सक्रियता देखाएको,
★ केही मात्रामा रोजगारीमा वृद्धि भएको,
★ देशभित्र संयुक्त पुँजीमा लगानी हुने प्रवृत्तिको विकास,
★ सेवा वितरणमा विकेन्द्रीकरण,
★ अर्थव्यवस्थाले निश्चित रूप धारण गरेको,
★ लगानीका लागि पुँजीको पर्याप्तता,
★ निर्यात वृद्धिका लागि निजी क्षेत्रको प्रयास,
★ सरकारको भूमिकामा परिवर्तन हुँदै गएको संकेत,
★ अर्थव्यवस्थाले विश्व अर्थतन्त्रमा समाहित हुने मौका पाएको,
★ वैदेशिक रोजगारीको अवसरमा वृद्धि आदि ।

### नकारात्मक प्रभाव

★ धनी र गरिब बीचको खाडल बढेको,
★ अस्वस्थ प्रतिस्पर्धाको विकास भएको,
★ सेवा र वस्तुको गुणस्तरीयता कायम हुन नसकेको,
★ कृषि क्षेत्रको व्यावसायिकतामा प्रभाव पर्न नसकेको,
★ व्यापार असन्तुलन बढ्दै गएको,
★ निजीकरणबाट उल्लेखनीय उपलब्धि प्राप्त गर्न नसकिएको,
★ अनुदान प्रणाली हटाउँदा निम्नवर्गमा नकारात्मक प्रभाव बढेको,
★ आयातमा अझै वृद्धि हुँदै गएको,
★ वैदेशिक लगानी उत्पादनभन्दा उपभोग्य क्षेत्रमा बढी केन्द्रित हुन पुग्यो,
★ आन्तरिक बजारको स्वस्थ विकास हुन नसक्दा कृत्रिम अभाव कायमै रह्यो,
★ स्वदेशी उद्योग/सार्वजनिक संस्थानहरूको स्थिति कमजोर बन्दै गयो,
★ बेरोजगारी समस्या यथावत् रूपमा कायम रहन गयो,
★ सूचना प्रविधिको उपयोग ग्रामीणस्तरसम्म पुग्न सकेन आदि ।

### नेपालमा आर्थिक उदारीकरण सम्बन्धि समस्याहरू

आर्थिक उदारीकरणबाट नेपाल जस्ता अतिकम विकसित राष्ट्रहरूले फाइदा लिन नसक्नु तथा त्यस्ता देशभित्र पनि अति विपन्न वर्ग उपेक्षित हुनुमा देहाय बमोजिमका आर्थिक उदारीकरण सम्बन्धि समस्याहरू जिम्मेवार रहेको मान्न सकिन्छ :-

★ निजी क्षेत्रको पर्याप्त मात्रामा विकास हुन नसक्नु,
★ नीतिगत आधार तयार भए पनि Legal Control र Institutional Setup पर्याप्त नहुनु,
★ सरकारको Role Inactive भएर गयो, Proactive हुनुपर्दथ्यो,
★ Reform को कार्य सँगसँगै हुन सकेन,
★ सहरी र ग्रामीण क्षेत्रमा Equity कायम हुन सकेन,
★ Export उल्लेखनीय ढंगले बढ्न सकेन,
★ खुला सिमानाले विकृति ल्यायो,
★ कृषि क्षेत्रमा प्रभाव पर्न नसक्नु,
★ पर्याप्त मात्रामा FDI (Foreign Direct Investment) भित्र्याउन सकिएन,
★ शान्तिसुरक्षाको वातावरण कायम हुन सकेन,
★ प्रतिस्पर्धालाई सुनिश्चित गर्ने कानुनी संयन्त्र र नियामक निकाय खडा नहुनु,
★ नीति निर्माताहरूका लागि उपभोक्ता सशक्तीकरणको मुद्दा प्राथमिकतामा नपर्नु ।

### उदारीकरणमा रहेका समस्या समाधानका लागि सुझावहरू

नेपाल जस्ता अतिकम विकसित मुलुकमा देखिएका माथी उल्लेखित आर्थिक उदारीकरण सम्बन्धि समस्याहरू समाधान गर्न सकेमा मुलुकले उच्च आर्थिक वृद्धिदर हासिल गर्न सक्षम भई आर्थिक उदारीकरणबाट अतिकम विकसित राष्ट्रहरूले फाइदा लिन सक्ने मात्र होईन देशभित्र पनि अति विपन्न वर्ग उपेक्षित भएको महसुस गर्ने छैनन् । तसर्थ आर्थिक उदारीकरणमा रहेका समस्या समाधानका लागि देहाय बमोजिमका सुझावहरू कार्यान्वयन गर्नुपर्ने देखिन्छ :-

★ सामाजिक सेवा र पूर्वाधारको क्षेत्रमा मात्र सरकारको भूमिका केन्द्रित गर्ने,
★ शान्ति कायम हुने व्यवस्था मिलाउने,
★ सरकारको Monitoring संयन्त्रलाई सक्रिय तुल्याउने,
★ निजीकरणसम्बन्धी राष्ट्रिय सहमति कायम हुनुपर्ने,
★ निकासी बढाउन वस्तु विविधीकरण गर्ने,
★ Economic Diplomacy लाई सक्रिय बनाउने,
★ सरकारको भूमिकालाई Proactive बनाउने,
★ वैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति हुने कार्यक्रम सञ्चालन गर्ने आदि ।

Question Bank Nepal

**(६) नेपालमा द्वन्द्व पछिको पुनःनिर्माण र विकासका प्रयासमा रहेका कमजोरी एवं द्वन्द्व रुपान्तरणका चूनौतिहरू औंल्याउँदै द्वन्द्व संवेदनशील विकास सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

**द्वन्द्व पछिको पुनःनिर्माण र विकासका प्रयासमा रहेका कमजोरी**

आन्तरिक द्वन्द्वको संक्रमणकालमा गुज्रीरहेको नेपालमा द्वन्द्व पछिको पुनःनिर्माण र विकासका प्रयासमा विभिन्न कमजोरी रहेको पाईन्छ । ती कमजोरीहरू मध्ये प्रमुख कमजोरीहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

★ विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा व्यवस्थित गरिएका प्रावधानहरुको कार्यान्वयन प्रभावकारी हुन नसक्नु,
★ द्वन्द्वका क्रममा क्षति हुन पुगेका आर्थिक पूर्वाधारहरूको पुनःनिर्माणको कार्यले निश्चित गति लिन नसक्नु,
★ संक्रमणकालीन न्यायलाई दलहरूले आफू अनुकुल व्याख्या गर्ने संस्कृति विकास हुनु,
★ विभिन्न पक्षहरूसंग भए, गरेका सम्झौताहरूको कार्यान्वयन र त्यसको अनुगमन सन्तोषजनक नहुनु,
★ राष्ट्रिय मुद्दा भन्दा दलीय मुद्दा प्रमुख बनाउने र राष्ट्रिय स्वार्थमा सहमति नहुने अवस्थाको निरन्तरता कायम रहनु,
★ मुलुकको शासकीय प्रणालीका सवै अंगमा राजनीतिकरण हुन गै न्याय र सुरक्षा समेत प्रभावित हुनु,
★ राष्ट्रिय राजनीति असहिष्णु हुँदै गएकाले निषेधको नीतिबाट पीडित हुनु,
★ स्थानीय तहसम्म कार्यक्रम सञ्चालनको जिम्मेवारी लिने भरपर्दो संयन्त्र निर्माण हुन नसक्नु,
★ क्षतिको यथार्थ मूल्याकंन गरी पर्याप्त राहत दिन नसक्नु,
★ अन्तरिम योजनाका लक्ष्य अनुसार राहत, पुनःनिर्माण, पुनः स्थापना तथा पुनः एकीकरणका कार्यहरू सम्पन्न हुन नसक्नु,
★ सशस्त्र द्वन्द्वबाट सिर्जना भएको मनोसामाजिक प्रभावलाई सामान्यीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु ,
★ शान्तिकोषको व्यवस्थित र प्रभावकारी परिचालन हुन नसक्नु आदि ।

**नेपालमा द्वन्द्व रुपान्तरणका चूनौतिहरू**

★ संविधानका आधारभूत संरचनाहरूमा सहमति गरी नयाँ संविधानको मस्यौदा समयमै ल्याउनु,
★ शान्ति सम्झौता पछि भएका विभिन्न पक्षधरहरूसंगको सम्झौता कार्यान्वयन गर्नु,
★ विस्तृत शान्ति सम्झौतानुसार सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धि आयोग यथासक्य समयमै गठनगरी संक्रमणकालिन न्यायको सुनिश्चितता गर्नु,
★ अपराधीलाई दण्ड गरी दण्डहिनताको अन्त्य गर्दै कानूनको शासनको बहाली गर्नु,
★ मानव अधिकार, प्रजातान्त्रिक मूल्यमान्यता र आदर्शको रक्षा सहित जनतालाई शान्तिको लाभांश उपलब्ध गराउनु ,
★ आर्थिक तथा सामाजिक विकासको कार्यसूचीको संशोधन गरी आर्थिक सामाजिक रुपान्तरण गर्नु,
★ कब्जा सम्पत्ति फिर्ता गरी विस्थापितहरूलाई आफ्नै पूर्वस्थानमा सकेसम्म चाडो व्यवस्थापन गर्नु,
★ राजनीतिक स्थिरताका लागि दलहरूको आपसी र दलभित्रको द्वन्द्व व्यवस्थापन गर्नु,
★ छिमेकी मुलुकहरू संग सन्तुलित सम्बन्ध कायम राख्नु,
★ न्यायपालिका, सुरक्षा निकाय र प्रशासनलाई राजनीतिबाट मुक्त राख्नु,
★ शान्ति सुरक्षा, भ्रष्टाचार नियन्त्रणलाई प्रमुख कार्यका रुपमा कार्यान्वयन गर्नु,
★ शक्ति बाँडफाँडको विषयमा सवै राजनैतिक दलहरू बीच सहमति कायम गर्नु आदि ।

**द्वन्द्व संवेदनशील विकास सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

द्वन्द्व संवेदनशील विकास सञ्चालन गर्दा निम्न कुराहरूमा ध्यान दिन सकेमा मात्र समाजमा आपसी मेलमिलाप तथा सद्भावको सिर्जना हुन जाने तथा विकासको प्रतिफल सबैले उपयोग गर्न सक्ने अवस्थाको सिर्जना हुन सक्दछ :–

★ द्वन्द्व एवम् द्वन्द्वको प्रभावलाई बोध गर्दै विकास निर्माणका कार्यक्रम सञ्चालन गर्दा समाजमा थप द्वन्द्व सिर्जना हुन नदिने तर्फ सचेत रहनु पर्दछ ।
★ समाजमा विभाजन वा तनावको सिर्जना गर्ने तत्वहरूको पहिचान एवम् विश्लेषण गरी सोको उचित व्यवस्थापन तर्फ कदम चाल्नु पर्दछ ।
★ देशमा प्रचलित धर्महरू, विभिन्न सांस्कृतिक रितिरीवाजहरूको अध्ययन गरी धार्मिक सहष्णिुता एवम् सामजिक सांस्कृतिक सद्भाव कायम राख्ने प्रयास गर्नुपर्दछ ।
★ द्वन्द्व संवेदनशील विकासले समाजमा विद्यमान लैगिंक विभेदको अन्त्य गर्दै लैगिंक समता एवम् समानताको प्रवर्द्धनमा जोड दिनुपर्दछ ।
★ राजनीतिक दलहरूबीचको सम्बन्ध, तिनका कार्यक्रमहरू एवम् सामाजिक विकासका राजनीतिक पार्टीको भूमिकाका बारेमा स्पष्ट हुनुपर्दछ ।



Question Bank Nepal

★ द्वन्द्व प्रभावित पक्षको आवश्यकता एवम् मागका क्षेत्रमा वैदेशिक सहयोग परिचालन गरी सहयोगका कार्यक्रम सञ्चालन गर्ने ।

★ गरिबीको न्यूनीकरणका लागि श्रोत साधनमा सबैको पहुँच कायम गर्नेतर्फ जोड दिनुपर्दछ ।

★ पूर्वाधार विकासमा जोड तथा लगानीमैत्री वातावरणको सिर्जना गरी रोजगारी बढाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने ।

★ उत्पादनका साधनहरूको सन्तुलित एवम् समन्यायिक वितरण गरी खाद्यान्न संकट कम गर्ने तर्फ ध्यान पुऱ्याउने आदि ।

**(७) विश्वव्यापीकरण भन्नाले के बुझ्नुहुन्छ ? यसका सकारात्मक र नकारात्मक पक्षहरू उल्लेख गर्दै हाम्रो अर्थतन्त्रलाई विश्वव्यापीकरणको दुष्प्रभावबाट जोगाउन हामीले अवलम्बन नगरी नहुने उपायहरू के के हुन् ? स्पष्ट गर्नु होस् ।**

**विश्वव्यापीकरण (Globalisation)**

*"वस्तु, सेवा, पुँजी र श्रमशक्तिको अन्तर्राष्ट्रिय एकीकरण नै विश्वव्यापीकरण हो ।"*

विश्वव्यापीकरण विश्व एकीकरणको प्रक्रिया हो, जसले विश्वव्यापी सोचाइमा हिँड भनी आह्वान गर्दछ । विश्वलाई एउटा सानो गाउँको रूपमा परिवर्तन गर्ने माध्यम अर्थात् Goods, Services, Labour and Capital etc. (G - SLC) हरूको विना अवरोध विश्वव्यापी बजार पहुँचलाई नै विश्वव्यापीकरण भनिन्छ । सुरुमा आर्थिक उदारीकरणका रूपमा अगाडि आएको विश्वव्यापीकरण अभियानले अहिले सामाजिक जीवनका सबै पक्षलाई गाँजिसकेको छ ।

मुलुकहरूबीच सीमाविहीन सामानहरूको व्यापार र खुला अर्थव्यवस्थाका रूपमा बुझिने उदारीकरणको अवधारणाभन्दा व्यापक क्षेत्र विश्वव्यापारिकरणले समेटेको छ । विश्व बजारलाई एउटै इकाईको रूपमा लिइनु अर्थात् विश्वलाई Global Village को रूपमा रूपान्तरण गर्नु नै विश्वव्यापीकरण हो । सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक क्षेत्रका धेरैजसो पक्षहरूलाई विश्वव्यापीकरणले अन्तर्राष्ट्रियकरण गरेको छ ।

विश्वव्यापीकरण सीमित घेराबाट व्यापकतातर्फ विकसित हुँदै गएको अवधारणा हो । त्यसैले यसका परिभाषाहरूमा समग्र क्षेत्रलाई समेट्न सकेको देखिँदैन । वस्तु तथा सेवाको खुला व्यापार, पुँजीको खुला प्रवाह र प्रविधिको विस्तारलाई मात्र राख्दा सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रहरू छुट्न पुग्छन् ।

विश्वव्यापीकरणले विश्वलाई एउटै एकाइमा परिवर्तन गर्दछ । यो एकीकरणले विभिन्न सम्पर्क बिन्दुहरूबाट विश्वलाई भौतिकरूपमा एउटा सानो एकाइमा परिणत गर्नेछ । विश्वव्यापी आबद्धताका विभिन्न स्वरूपहरू हुने गर्दछन् । त्यसमध्ये सांस्कृतिक स्वरूप, वित्तीय स्वरूप, वैचारिक स्वरूप, सूचना स्वरूप र प्रविधि स्वरूप प्रमुख मानिएका छन् ।

**विश्वव्यापीकरणको सकारात्मक पक्षहरू**

★ अन्तर्राष्ट्रिय वित्तीय बजार खुल्ला हुने हुँदा आर्थिक वृद्धिमा सुधार आई विश्व आर्थिक रूपमा संमृद्ध हुँदै जाने ।

★ विश्वव्यापीकरणले मानिसहरूको स्वास्थ्य, शिक्षा, आय र जीवनस्तरमा राम्रो असर पारेको छ ।

★ रोजगारीका अवसरहरूमा अभिवृद्धि हुँदै गई बेरोजगारी समस्या समाधान हुँदै जाने ।

★ नागरिक आवाजको सुनुवाइ हुने वातावरण सिर्जना हुँदै गएको छ ।

★ सुलभ र सुपथ मूल्यमा वस्तु र सेवा उपलब्ध हुने वातावरण तयार हुने ।

★ मुलुकहरूको गरिबी घट्दै, जीवनस्तर र औसत आयु बढ्दै गएको छ ।

★ विकसित अर्थात् पूँजी पर्याप्तता भएका मुलुकहरूलाई विश्वव्यापी रुपमा लगानीको अवसर निर्माण भएको ।

★ विकासोन्मुख अर्थात् पूँजीको अभाव रहेका मुलुकहरूका लागि वैदेशिक लगानीको ढोका खुलेको छ ।

★ विकासोन्मुख राष्ट्रहरूको अन्तर्राष्ट्रिय भूमिकामा वृद्धिले गर्दा त्यस्ता मुलुकहरूको आर्थिक स्थितिमा नाटकीय सुधार आएको छ ।

★ विकासोन्मुख राष्ट्रहरूको निर्यात वृद्धि हुने र वैदेशिक मुद्रा आर्जन बढ्ने अवस्था सिर्जना हुने ।

★ सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा तिब्र विकास हुन गई विश्वकै सर्वाङ्गीण विकासमा यसले टेवा पुऱ्याएको छ आदि ।

**विश्वव्यापीकरणको नकारात्मक पक्षहरू**

★ अवधारणा धनी मुलुकहरूको पक्षमा छ, त्यसैले यसको परिणाम गरिबहरूको हितमा छैन ।

★ विश्वव्यापीकरणको प्रतिस्पर्धामा उत्रन नसक्ने राष्ट्रहरूलाई यसबाट प्रतिकूल असर पर्ने ।

★ घरेलु तथा साना उद्योग लोप हुन सक्ने, स्थानीय सीप उपयोग नभई खेर जाने संभावना बढ्दै गएको ।

★ पुँजी र कम्पनीहरूको विश्वव्यापीकरण भयो, तर मानिस अथवा श्रम र युनियनहरूको हुन सकेन ।

★ विश्वव्यापीकरणले ले सरकारी संरक्षणको नीतिलाई अस्विकार गर्ने भएकोले गरिब राष्ट्रहरूको स्थिति अझै कष्टमय हुन सक्ने संभावना रहेको छ ।

Question Bank Nepal

★ विश्वव्यापीकरणको सहयोगमा पुँजी र प्रविधिका धनी मुलुकहरूले गरिब राष्ट्रहरूमाथि अप्रत्यक्ष आर्थिक उपनिवेश बनाउँदैछन् ।
★ स्वतन्त्र पूँजी प्रवाहमा Inflow भन्दा Outflow बढी भई आर्थिक अस्थिरता सिर्जना हुन सक्ने संभावना ।
★ विश्वव्यापीकरणको कारण धनी र गरिब बीचको दूरीमा बढोत्तरी हुन गई असमानता बढेर जाने संभावना रहेको ।
★ विश्वव्यापीकरणका कारण Brain Drain मा बढोत्तरी, सामाजिक विसृङ्खलता र पर्यायवरणीय शोषणमा अभिवृद्धि हुने संभावना रहेको ।
★ विश्वव्यापीकरणमा अग्रपंक्तिका खेलाडीको मात्र दबदबा रहने प्रतिस्पर्धा भएकोले गरिब मुलुकहरूको नियती चुपचाप आफैंलाई नष्ट गरेको हेर्नुमात्र हुने अवस्था सिर्जना हुन सक्ने आदि ।

**विश्वव्यापीकरणको दुष्प्रभावबाट बच्ने उपायहरू**

विश्वव्यापीकरणबाट परेको सकारात्मक प्रभावलाई प्रवर्द्धन एवं संरक्षण गर्दै विश्वव्यापीकरणबाट पर्न सक्ने दुष्प्रभावलाई समयमै पहिचान गर्दै स्रोको निराकरणको लागि नेपालले देहाय बमोजिमका उपायहरू अवलम्बन गर्नुपर्दछ । जसले गर्दा विश्वव्यापीकरणबाट पर्न सक्ने दुष्प्रभावलाई निराकरण गर्दै अधिक से अधिक फाइदा लिन सहज हुने कुरामा विश्वास गर्न सकिन्छ ।

★ विश्वव्यापीकरण प्रतिस्पर्धात्मक खेल भएकोले विश्व बजारमा हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।
★ नेपालको आर्थिक कुटनीतिलाई समयसापेक्ष रुपमा सबल बनाउदै यस मार्फत नेपाल र नेपाली वस्तु तथा सेवाको पहिचान र बजार प्रवर्द्धन गर्ने कुरामा विशेष जोड दिनुपर्दछ ।
★ विश्व व्यापार संगठन (WTO) का मंचहरूमा विश्वव्यापीकरणलाई नेपाल जस्ता अल्पविकसित मुलुक अनुकुल बनाउन सकृयताका साथ सहभागी हुनुपर्दछ ।
★ औद्योगिक नीति, वाणिज्य नीति, पर्यटन नीति, विदेशी लगानी नीतिहरूमा समसामयिक सुधार परिमार्जन गरी Environment Friendly बनाउनु पर्दछ ।
★ नेपाली वस्तु र सेवाको गुणस्तरमा वृद्धि गरी व्यापार विविधिकरणमा जोड दिनुपर्दछ ।
★ आधुनिक नवीनतम् प्रविधिहरूको अवलम्बन गर्दै वस्तु तथा सेवाको उत्पादन लागत कटौती गर्दै वस्तु तथा सेवाको मूल्य सर्वसुलभ बनाउँदैं प्रतिस्पर्धामा उत्रनु पर्दछ ।
★ नेपालको व्यावसायिक वातावरणमा सुधार ल्याउदै स्वदेशी तथा बैदेशिक लगानी आकर्षित गर्ने प्रयास गर्नुपर्दछ ।
★ स्वदेशी तथा वैदेशिक रोजगारीको अवसरहरू वृद्धि गर्दै दक्ष कामदार तयार गरी वैदेशिक रोजगारका लागि पठाउनुपर्दछ ।
★ प्रभावकारी कुटनीति मार्फत वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको हक हितको संरक्षणको विशेष व्यवस्था गर्नु पर्दछ ।
★ वैदेशिक लगानीको लागि Warm Welcome को नीतिगत व्यवस्था गर्दै लगानी संरक्षण तथा छुट सुविधाहरूको व्यवहारिक प्रतिवद्धता र उपलब्धताको व्यवस्था गर्नुपर्दछ आदि ।

अन्त्यमा, विश्वव्यापीकरण विश्वव्यापी प्रतिस्पर्धात्मक खेल हो, जसमा वस्तु तथा सेवा, पूँजी प्रविधि, श्रम इत्यादिको निर्वाध प्रवाहको अवस्था सृजना गरिएको हुन्छ । प्रतिस्पर्धामा खरो उत्रन सकिएमा विश्वव्यापीकरणबाट मनग्य फाईदा लिन सकिन्छ, अन्यथा विश्वव्यापीकरणबाट नकारात्मक प्रभाव पर्न सक्दछ । त्यसैले WTO, BIMSTEC, SAFTA आदिमा आबद्धता जनाइएको सन्दर्भमा माथि उल्लेखित सुझावहरू अवलम्बन गरेमा विश्वव्यापीकरण नेपालको आर्थिक समृद्धिका लागि एक कोशेढुङ्गा सावित हुन सक्ने कुरामा विश्वास लिन सकिन्छ ।

**(८) विकासमा नागरिक संलग्नताबारे स्पष्ट पार्दै नेपालको विकासमा नागरिक संलग्नतामा देखिएका समस्या एवम् समस्या समाधानका उपायहरू बारेमा चर्चा गर्नुहोस् ।**

**विकासमा नागरिक संलग्नता**

*"Participation is a Plant that does not grow easily in the human environment."*

कुनै पनि समाज वा राष्ट्रको समग्र विकासमा सो समाज वा राष्ट्रका नागरिकको सहभागिता गराउनु नै विकासमा नागरिक संलग्नता हो । जुनसुकै विकासात्मक कार्यहरूमा नागरिकको संलग्नता कायम गराउन सकेमा सो विकास प्रति नागरिकले अपनत्व बोध गर्न सक्ने र विकास दिगो हुने हुनाले जुनसुकै विकासको लक्ष्य प्राप्तीका निमित्त गरिने प्रयत्नमा सर्वसाधारण जनताको सक्रिय सहभागिता हुनुपर्ने मान्यतका आधारमा जनसहभागिताको सिद्धान्तको प्रार्दुभाव भएको हो । तसर्थ विकासका हरेक प्रक्रियामा साधन र साध्यका रुपमा रहने नागरिकहरूको भौतिक, वित्तीय र भावनात्मक संलग्नता नै विकासमा नागरिक संलग्नता हो ।

विकासमा नागरिक संलग्नतालाई विकासमा जनसहभागिता पनि भन्न सकिन्छ । विकासमा नागरिक संलग्नताको अवधारणा सन् १९६० को दशकदेखि नै चर्चामा आएको हो । सन् १९७० को दशकमा UNO को आह्वानमा खास गरी विकासोन्मुख राष्ट्रको ग्रामीण विकासको लागि जनसहभागिता लागू गर्न विशेष जोड दिइएको थियो ।

Question Bank Nepal